मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : ३५१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक ३० गते शनिवार (Saturday, November 16. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

'एक्सेलमा खाता सुरक्षित हामी त'

**एक्सेल हाम्रो सुरक्षा बचत खाता**

अब स्थानीय बैंकको खातामै पाउनुहोस् परिवारकै बिमा सुरक्षाको सुविधा ।

**रू. १ करोड ५० लाखसम्मको बिमा सुविधा**

- १ करोडसम्मका दुर्घटना तथा पूर्ण अशक्तता बिमा
- ४० लाखसम्मको १८ घातक रोगहरुबिरुद्धको बिमा
- १० लाखसम्मको औषधि उपचार बिमा

**वार्षिक ७ प्रतिशत ब्याजदर**

**भिषा डेबिट कार्ड र स्मार्ट बैंकिङमा विशेष छुट ।**

**एक्सेल डेभलपमेन्ट बैंक लि.**

Excel Development Bank Ltd.

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

# अपराध रोक्न घरधनी र डेरावालको विवरण खोज्दै प्रहरी

**सुरेन्द्र भण्डारी/नरेन्द्र ढकाल**

**बिर्तामोड, कात्तिक २९।** ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा अपराधका घटना बढिरहेका बेला आपराधिक क्रियाकलाप रोक्न प्रहरीले झापामा नयाँ अभियान शुरु गरेको छ ।

जनघनत्वको हिसाव र व्यापारिक दृष्टिकोणले समेत अत्यधिक चहलपहल हुने बिर्तामोडमा जिल्लाको अन्य स्थानमा भन्दा बढी अपराधका घटना घट्ने भएपछि यसलाई न्यूनीकरण गर्न प्रहरीले जिल्लामै पहिलोपटक घरधनी र डेरावालको विवरण राख्न शुरु गरेको छ ।

इलाका प्रहरी कार्यालय अनारमनीले नेपाल सरकार गृहमन्त्रालयसंग समन्वय गर्दै घर भाडामा दिने व्यक्ति र डेरामा बस्ने सबैको विवरण राख्न शुरु गरेको हो । समाजमा शान्ति सुरक्षा कायम राख्न प्रहरीलाई सूचना आवश्यक रहेको र आपराधिक क्रियाकलापमा सम्लग्न व्यक्तिको विवरण समेत इलाका प्रहरी कार्यालयसँग नभएकाले यस्तो अभियान शुरु गरिएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहनकुमार थापाले जानकारी दिए । अपराध हुनसक्ने स्थानहरुको समेत जानकारी प्रहरीसँग नरहेकाले विवरण संकलनका लागि काठमाडौं उपत्यका बाहिर पहिलोपटक यो अभियान शुरु गरिएको प्रहरी नायव उपरीक्षक थापाको भनाइ छ ।

एक लाखभन्दा बढी जनसंख्या रहेको बिर्तामोड नगरपालिकामा १९ हजार ८ सय ६२ घरधुरी रहेका छन् । जहाँ ६० हजार ४ सय २४ महिला र ५८ हजार ७ सय ६२ जना पुरुषको बसोबास रहेको छ । त्यत्तिनै संख्यामा भाडामा बस्ने मानिस रहेको र उनीहरुमध्ये धेरै घरधनीलाई को, कहाँ, के गर्छन् भन्ने विषयमा जानकारी नहुँदा



अपराधका घटना बढेको भन्दै प्रहरीले यो अभियान चलाएको बताइएको छ । बिर्तामोडमा घट्ने अधिकांश घटना डेरावालाबाटै भएका छन्- 'प्रहरी नायव उपरीक्षक थापाले भने- प्रहरीले अब घरधनी र डेरावाल दुवैको विवरण राख्न शुरु गरेपछि आपराधिक गतिविधिमा कमी आउने विश्वास छ ।' अभियानका लागि इलाका प्रहरी कार्यालय अनारमनीले बिर्तामोड नगरपालिकासहित अर्जुनधारा र कनकाई नगरपालिकासंग समेत समन्वय गर्ने छ- प्रहरी नायव उपरीक्षक थापाले भने ।

१० हजार ६ सय ५९ घरधुरी रहेको कनकाई नगरपालिकामा २८ हजार ६ सय ६७ महिला र २३ हजार ८ सय एक पुरुष गरी ५२ हजार ४ सय ६८ जनसंख्या रहेको छ । त्यस्तै अर्जुनधारा नगरपालिकामा ३१ हजार ८ सय १ महिला र ३१ हजार ९ सय १३ पुरुष सहित ६३ हजार ७ सय १४ छन् । जनघनत्व बढेसंगै अपराधका घटना पनि बढ्ने सम्भावना उत्तिकै रहेपछि प्रहरीले घरधनी र डेरावालाको विवरणसहित सवारीको समेत विवरण राख्न सक्ने गरीको फारम तयार गरेको छ । जसबाट चोरी भएका सवारी साधनको समेत खोजी गर्न सहज हुने प्रहरीको भनाइ छ ।

अपराधमा संलग्न व्यक्तिहरुको समेत विवरण हुने हुँदा प्रहरीलाई शान्तिसुरक्षा कायम गर्न सहज हुने थापाको भनाइ छ । महिला हिंसा, चोरीमा संलग्न व्यक्ति, लागू औषध प्रयोगकर्ताको समेत विवरण यसै फारममा खुलाएको हुनाले कुन क्षेत्रमा त्यसखाले आपराधिक गतिविधि बढी भएको छ, सो विवरण प्रहरीसंग हुने भएकाले अपराध नियन्त्रणमा सहज हुने हामीले विश्वास लिएका छौं- प्रहरी नायव उपरीक्षक थापाले भने ।

इलाका प्रहरी कार्यालय बिर्तामोडमा तीनसयको हाराहारीमा टोल विकास संस्था रहेको र उनीहरुको सक्रियतामा तीनवटा नगरपालिकामा रहेका झण्डै ४५ हजार घरधुरीको विवरण राखिने प्रहरी नायव उपरीक्षक थापाले बताए । घरधनी र डेरावालको विवरण राख्दा प्रहरीले फोटो अनिवार्य गरेको छ । विवरण राख्नका लागि छुट्टै प्रहरी युनिटको व्यवस्था गरी डिजिटल प्रविधिबाट विवरण राख्ने बताइएको छ ।

प्रहरीले डिजिटल प्रविधिबाट घरधनी र डेरावालाको विवरण राख्न शुरु गरेपछि यहाँका स्थानीयवासी प्रहरीले शुरु गरेको कामको प्रशंसा गरेका छन् । प्रहरीको यो अभियानले अपराध नियन्त्रणमा मद्दत पुग्ने बताउँदै बिर्तामोडका व्यवसायी सुरेश वंशल भन्छन्- 'बिर्तामोड आएका नयाँ-नयाँ व्यक्तिको पहिचान पनि हुने र उसको समेत सुरक्षा हुने हुँदा यो कार्यक्रम अत्यन्त प्रभावकारी हुनेछ ।' त्यस्तै

*(बाँकी अन्तिम पृष्ठमा)*

# संघीय शिक्षा ऐन तत्काल जारी गर्न ध्यानाकर्षण



**बिर्तामोड, कात्तिक २९।** झापाका शिक्षक नेताहरुले शिक्षा क्षेत्रमा अहिले देखिएको अन्यौल र समस्या समाधानका लागि संघीय शिक्षा ऐन तत्काल जारी गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

सरकारले हालै सार्वजनिक गरेको शिक्षा नीतिले शिक्षा ऐन बनाउन बाटो खुलेको भन्दै अब त्यस कार्यका लागि विलम्ब नगर्न आग्रह गर । स्थानीय शिक्षा ऐन, उत्पन्न परिस्थिति: गौरीगञ्ज गाउँपालिकामा देखिएको समस्या र समाधानमा सरोकारवालाको भूमिका विषयमा शुक्रवार विर्तामोडमा भएको छलफलमा शिक्षक महासंघसहित शिक्षकका संघ-संगठनका नेताहरुले उक्त विषयमा ध्यानाकर्षण गराएका हुन् ।

शिक्षा क्षेत्रका समस्यालाई साझा समस्याको रुपमा लिंदै शिक्षामा राजनीतिक हस्तक्षेप हुन नहुनेमा जोड दिएका उनीहरुले जिल्लामा शिक्षामैत्री वातावरण र गुणस्तरीय शिक्षाका लागि प्रतिबद्धता समेत जाहेर गरेका छन् । शिक्षा क्षेत्रको समस्या समाधानका लागि उनीहरुले सात बुँदे प्रतिबद्धता र साझा निष्कर्ष जारी गरेका हुन् ।

संघीयताको अभ्यासका क्रममा पालिकाहरुले स्थानीय शिक्षा ऐन जारी गरेपछि विभिन्न पालिकामा उत्पन्न विवादलाई अबका दिनमा सहज बनाउँदै समस्या समाधानमा पहल गर्ने समेत उनीहरुको प्रतिबद्धता छ । त्यस्तै शिक्षाको गुणस्तरबृद्धिका लागि पालिकाहरुले शिक्षा क्षेत्रमा बजेटलाई प्राथमिकताका साथ विनियोजन गर्न पनि आग्रह गरेका छन् ।

स्थानीय शिक्षा ऐन जारी भएपछि गौरीगञ्ज गाउँपालिकामा उत्पन्न परिस्थिति र समस्या समाधानका लागि सरोकारवालासँग संवाद र छलफलबाट निकास निकाल्न उपयुक्त हुने र त्यसका लागि आफूहरु तयार रहेको शिक्षक नेताहरुको भनाइ छ । शैक्षिक क्षेत्रका समस्या समाधान तथा कुनै पनि सवालमा छलफल र सहकार्यका लागि शिक्षा सम्बद्ध ट्रेड युनियनलाई सहभागी गराउन पनि पालिकाहरुलाई शिक्षक

*(बाँकी अन्तिम पृष्ठमा)*

# घर भारतमा, बिद्यालय नेपालमा

**पार्थ मण्डल**

**भद्रपुर, कात्तिक २९।** नेपाल-भारतको ११२ नम्बर सीमा पिलर । पूर्वपट्टि मेची नदी बग्ने सीमा पिलरको उत्तर र दक्षिण दुवैतर्फ बाक्लो बस्ती । एकापट्टि नेपाली बस्ती छ भने अर्कोतर्फ भारतीय बस्ती छ । त्यहाँ बसोबास गर्दै आइरहेका नागरिक नेपाली र भारतीय नभई मानवीय सद्भाव, माया, स्नेह र आपसी भाइचाराको सम्बन्ध गाँसेर बर्षौंदेखि मिलेर बस्दै आइरहेका छन् । त्यहाँ बस्ने दुवै देशका नागरिक आफ्नो मातृ भाषाबाहेक नेपाली भाषा नै बोल्छन् । त्यहाँ भारतीय हिन्दी भाषा खासै बोलचाल हुँदैन ।

भारतीय नागरिकसहित त्यहाँका बालबालिकाहरू शिक्षा लिन नेपालकै बिद्यालय जाने गरेको स्थानीय बताउँछन् । हिन्दी भाषा, मेची नदी र सडक दुरीको समस्याका कारण भारतीय बालबालिका पनि नेपालकै विद्यालयमा पठनपाठन गर्दै आइरहेका छन् ।

झापाको सदरमुकामदेखि करिब २२ किलोमिटर दक्षिणमा रहेको कचनकवल गाउँपालिका वडा नम्बर-५ स्थित पाठामारी गाउँमा रहेको बस्तीको कथा हो यो । साबिक पाठामारी गाविसमा पर्ने मेची नदी नजिकै ११२

*(बाँकी अन्तिम पृष्ठमा)*

## सांसद आलम थुनामा

**झापा, कात्तिक २९।** नेपाली कांग्रेसका सांसद तथा पूर्वमन्त्री मोहम्मद आफताव आलमलाई जिल्ला अदालत रौतहटले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ ।

एक साता लामो बहस टुंगिएपछि शुक्रबार जिल्ला अदालत रौतहटका न्यायाधीश दीपक ढकालको इजलासले आलमलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो । विस्फोटक पदार्थको प्रयोग गरी ज्यान मार्ने उद्योग र कर्तव्य ज्यानको कसुर गरेकोसहित तीनवटा मुद्दामा

*(बाँकी अन्तिम पृष्ठमा)*

## फ्ल्याट भाडामा

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछ्रे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्क: ०२३-५४३२४८, ९८०४९९९६९५

## चेक कीर्ते आरोपमा प्रहरी पक्राउ

**झापा, कात्तिक २९।** जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कार्यरत एक प्रहरी जवान चेक कीर्ते गरी बैंकबाट बढी रकम निकालेको आरोपमा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा विगत तीन वर्षदेखि कार्यरत प्रहरी जवान राजेश द्विवेदी रहेको प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकी दिए । प्रहरी जवान द्विवेदीले बिहीबार महोत्तरीको सदरमुकाम जलेश्वरमा रहेको राष्ट्रिय बाणिज्य बैंक जलेश्वर शाखामा आफ्नै नामको तीन हजारको एउटा र चार हजारको अर्को चेक गरी जम्मा रु

*(बाँकी अन्तिम पृष्ठमा)*

## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरु:**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोट: ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## बजार प्रतिनिधिको तु-आवश्यकता

यस बिर्तामोड बचत तथा ऋण सहकारीका लागि एकजना महिला अथवा पुरुष कर्मचारीको आवश्यक परेको हुँदा योग्य नेपाल नागरिकले तु-सम्पर्क गर्नुहोला । यस संस्थाको Collection Zone शनिश्चरेदेखि बितोमोडको मुक्तिचोक हुँदै चारपानेसम्म ।

फारम भर्ने अन्तिम मिति : मंसीर ४ गतेसम्म
सम्पर्क नं. ०२३-५४२३८०
*बाइक, स्कुटी भएकालाई प्राथमिकता दिइने छ ।*

नोट : यस संस्थामा कार्यरत बजार प्रतिनिधि अस्वस्थ्य भएका कारणले नयाँ बजार प्रतिनिधिको तु-आवश्यक भएको हो ।
तलब : समितिको सल्लाह बमोजिम

## कर्मचारी आवश्यकता

यस अञ्जली हस्पिटलका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद: **स्टाफ नर्स**- ३ जना **अनमी** - ३ जना

SBA Traning भएकालाई विशेष प्राथमिकता
यही मंसीर ७ गतेभित्रमा सम्पर्क गर्नुहोला ।

**अञ्जली हस्पिटल प्रा.लि.**
बिर्तामोड, झापा (०२३-५४४७००, ९८५२६७३४३४)

## VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** a reputed school of Eastern Nepal is looking forward to appoint teachers for the following subject/post.

| S.N. | Post | Nos. | Qualification | Experience |
|---|---|---|---|---|
| 1. | Primary Incharge | 01 | Masters/ Bachelor | 5 yrs |
| 2. | Class Two (Grade) | 01 | Bachelors | 3 yrs |
| 3. | Pre-Primary (Grade) | 01 | Bachelors | 3 yrs |
| 4. | Foreign Language (French) | 01 | Basic | |
| 5. | ABACUS | 01 | Basic | |
| 6. | Activity (Pre-primary) | 01 | Active and Should be able to teach Rhymes, Conversation etc. | |

Applicants must have a pleasant personality and be ready to upgrade and update according to the need of the school. Command in spoken and written English is a must. If you want to build your career in the Education field than please come along with your CV and meet us in Balmiki school during school hours within **5th of Mangsir.**

**Balmiki Education Foundation**
Birtamode-1, Jhapa (023-542582/ 9804952506)

## FAMILY CLINIC

**Dr. Kavita Mantry**
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB

निःसन्तान दम्पतिको लागि राम्रो खबर छ
**आल्ट्रा मॉडर्न टेस्ट ट्यूब बेबी केन्द्र**



.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI

सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने ।
METROHEIGHT, 3RD FLOOR, DON BOSCO MORE, SEVOKE ROAD, SILIGURI-734001
PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM

माँ हनुर को सपना अब सफल हुनछ ।



# नेकपाभित्र कार्यवाहक प्रधानमन्त्रीको खोजी

**झापा, कात्तिक २९।** प्रधानमन्त्री केपी शर्मा ओली अस्वस्थ भएसँगै नेपाल कम्युनिष्ट पार्टीभित्र कार्यवाहक प्रधानमन्त्रीको खोजी शुरु भएको छ ।

प्रधानमन्त्री ओली मृगौला प्रत्यारोपणका लागि विदेश जाने सम्भावना बढेर गएसँगै कार्यवाहाक प्रधानमन्त्रीको खोजी शुरु भएको हो । प्रत्यारोपणका लागि गएमा उनी केही महिना विदेशमै हुनेछन् । प्रत्यारोपण नगरे पनि प्रधानमन्त्रीको नियमित डायलसिस गर्नुपर्ने भएको छ ।

उनी बालुवाटारस्थित निवासबाट कमै निस्कने अवस्थामा छन् । यस अवस्थामा एकजना भरपर्दोलाई कार्यवाहकको जिम्मेवारी दिनेगरी प्रधानमन्त्रीले तयारी थालेका हुन् । मन्त्रिमण्डलमा सेट नै परिवर्तन गर्न ओलीले आन्तरिक परामर्श समेत थालेका छन् ।

उनले नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेताहरु झलनाथ खनाल र माधवकुमार नेपालसँग छुट्टाछुट्टै भेटेका छन् । उपयुक्त व्यक्तिलाई छानेर जिम्मेवारी दिने ओलीको तयारीपछि नेकपामा दौडधुप तीव्र भएको छ । ओलीले वामदेव गौतमलाई उपप्रधानमन्त्री बन्न प्रस्ताव राखेका छन् । तर, गौतमले संविधान संशोधन गरी राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्ने बाटो खोल्ने भएमा मात्र सरकारमा जाने शर्त राखेका छन् । न त्र पार्टीकै जिम्मेवारी दिन भनेका छन् ।

ओलीको रोजाइमा विष्णु पौडेल छन् । तर, ललिता निवास जग्गा प्रकरणमा मुछिएपछि पौडेल विवादमा परेका छन् । ईश्वर पोखरेललाई निरन्तरता दिएर कार्यवाहक प्रधानमन्त्री दिनेबारे पनि छलफल चलेको छ । तर, आफूबाहेक मन्त्रिमण्डलको सेट नै परिवर्तन गर्न लागेका ओलीले पोखरेललाई निरन्तरता नदिने संकेत गरेका छन् ।

कार्यवाहक प्रधानमन्त्रीका लागि ओलीले सबैभन्दा विश्वास गरेकामा विष्णु पौडेल र प्रदीप ज्ञवाली नै हुन् । तर, दुवैलाई बनाउन ओलीलाई अप्ठ्यारो छ । ज्ञवाली अरु नेताभन्दा जुनियर हुन् । नेकपामा कार्यवाहक प्रधानमन्त्री सम्हाल्न सक्ने गरी उपप्रधानमन्त्री बनाउनेबारे मन्थन चलिसकेको छ । सम्भावित नामहरुमा वामदेव गौतम, विष्णु पौडेल र ईश्वर पोखरेल नै हुन् ।

ओलीले पछिल्लो समय रामबहादुर थापा बादललाई पनि भरोसा गर्न थालेका छन् । तर, पूर्वएमालेले बादललाई स्वीकारिहाल्ने अवस्था देखिँदैन् । ओलीले कार्यवाहक प्रधानमन्त्रीको खोजी गरिरहँदा नेकपाभित्र लबिङ चलिरहेको स्रोतले जनाएको छ ।

# 'सहारा सूर्योदय एक्स्टेम्पर स्पिच कन्टेस्ट'को उपाधि वेदान्तलाई



**झापा, कात्तिक २९।** सहारा सूर्योदय एक्स्टेम्पर स्पिच कन्टेस्ट २०७६ को उपाधि झापाको कन्काई-४ सुरुङ्गामा रहेको मेरीगोल्ड अंग्रेजी माध्यमिक विद्यालयका बेदान्त तिम्सिनाले जितेका छन् ।

सूर्योदय टेलिभिजनले आयोजना गरेको यस प्रतियोगिताको उपाधि कक्षा १०मा अध्ययनरत् तिम्सिनाले जितेका हुन् । शुक्रवार भएको फाइनल प्रतियोगितामा भद्रपुर-२मा रहेको ज्ञानसरोबर माध्यमिक विद्यालयमा कक्षा ९मा अध्ययनरत् रीना घिमिरे दोश्रो, अर्जुनधारा-६मा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा कक्षा ९मा अध्ययनरत् निलिमा लिम्बू तेश्रो भएका छन् ।

यस्तै अर्जुनधारा-७को रुपरत्न मेमोरियल अंग्रेजी माध्यमिक विद्यालयमा कक्षा १०मा अध्ययनरत् छात्रा चर्चिता लुइँटेल र अर्जुनधारा-५मा रहेको देवभूमि विद्यालयमा कक्षा ९मा अध्ययनरत् छात्रा दिक्षा भट्टराईले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगिताको विजेताले नगद ३० हजार रुपैयाँका साथै ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । त्यसैगरी दोश्रो, तेश्रो र सान्त्वना हुनेले क्रमशः १५ हजार, १० हजार र ४/४ हजार रुपैयाँ सहित मेडल तथा प्रमाण-पत्र प्राप्त गरेका छन् । प्रतियोगिताका विजेताहरुलाई सूर्योदय टेलिभिजनका अध्यक्ष मनोज उप्रेती, प्रबन्ध निर्देशक विष्णु मैनाली उप्रेती, सहारा नेपाल साकोसका कार्यकारी निर्देशक महेन्द्र गिरी ,कार्यक्रमका प्रमुख अतिथि प्रा.डा. पृथ्वी विक्रम राई लगायतले पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगिताको निर्णायकमा असोशिएट प्रोफेसर तथा सञ्चारकर्मी शिरोमणि खतिवडा 'सिरो सान्दाइ', वीवीसी नेपाली सेवाका संवाददाता उमाकान्त खनाल र मेची बहुमुखी क्याम्पस भद्रपुरकी अध्यापक गायत्रा सुवेदी रहेका थिए । प्रदेश नम्बर १का झापा, मोरङ र इलामका शिक्षा प्रमुखको सल्लाह, सुझाव र सिफारिसका आधारमा निजी र सामुदायिक विद्यालयका बिद्यार्थीहरुलाई सहारा सूर्योदय एक्स्टेम्पर स्पिच कन्टेस्टमा सहभागी गराइएको सूर्योदय टेलिभिजनकी प्रवन्ध निर्देशक उप्रेतीले बताइन् ।

गत भदौदेखि शुरु भएको प्रतियोगितामा ७० वटा विद्यालयका १ सय ३० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतिस्पर्धीमा रहेको विषयवस्तु,भाषाको ज्ञान र प्रस्तुतिकरणका आधारमा विजेता छनोट गरिएको प्रतियोगिताका संयोजक देवी गौतमले जानकारी दिए ।

## घर भारतमा ...

नम्बर पिलर सीमा छुट्याएको छ । गाउँमा मुस्लिम र राजवंशी समुदायकै बसोबास छ । बस्तीमा भारत र नेपाल गरी ६५ देखि ७० जना बालबालिका रहेको श्री प्राविका शिक्षक बिजय हजामले बताए ।

'भारतीय बालबालिका पनि यहाँ नै पढ्छन्'- शिक्षक हजामले भने- 'बालबालिकाहरू नजिकै रहेको श्री प्राथमिक र जानकी आधारभूत विद्यालय गएर पढ्छन् । सीमाले देश छुट्याए पनि मानवीय नाता सम्बन्ध बस्तीमा अहिले पनि कायम छ ।

भारतीय नागरिक भए पनि उनीहरूले नेपाली भाषा नै बोलचालमा प्रयोग गरेको हुँदा भारत गएर पढ्नुभन्दा नेपालमै पढ्न सजिलो हुने भएकोले उनीहरू नेपालकै शिक्षा लिइरहेको उनको भनाइ छ । बस्तीमा बस्ने भारतका करिब १२देखि १५ बालबालिका नेपालमै पठनपाठन गर्दै आइरहेको उनले बताए । भारतीय नागरिक रूपलाल गणेश भन्छन्- 'मेरो छोरा नेपालमै पढ्छ, जेठो छोरा उमेश जानकी आधारभूतमा कक्षा आठ पढ्दापढ्दै रोजगारीको सिलसिलामा भारत गएको छ, कान्छो छोरा रमेश कक्षा ४मा अहिले पनि जानकीमै पढ्दैछ ।' 'म जस्तै गाउँका अरू भारतीयले पनि आ-आफ्नो छोराछोरी यहाँ नै पढाउँदै आइरहेका छन्'- उनले भने- 'यहाँ नेपाली शिक्षा लिने पनि बस्तीमा बस्ने नेपाली होस् वा भारतीय बालबालिका, उनीहरूको विवाह चाहिँ भारतमै गर्ने चलन छ ।'

**अभिभावक भारत गएर पढ्न भन्छन्**

जानकी आधारभूत विद्यालयमा कक्षा ४मा अध्ययनरत् भारतीय नागरिक ममताकुमार गणेशले भनिन्- भारतीय भए पनि म नेपालमै पढ्छु, बुबा-आमाले भारत गएर पढ्न भनेर घरमा कराउँछन्, नेपाली भाषा बोल्ने हामी कसरी भारतमा गएर पढ्न सक्छौं, त्यहाँका भाषा नै बुझ्न गाह्रो हुन्छ, त्यही भएर जानकीमा पढ्दैछु । 'मसँग मेरो भाइ सुनिल पनि बाल कक्षामा पढ्छ'- उनले भनिन् ।

भारतमा बस्ने कविता यादव कक्षा ८मा र उनकी बहिनी निकीता यादव कक्षा ७मा पढ्ने गरेको उनले बताइन् । जानकीमै मसँग ५/६ जना भारत घर भएका साथीहरू पढ्ने गरेको भारतीय नागरिक देवकुमार गणेशले बताए । कक्षा ६ मा पढ्दै आइरहेका गणेश भन्छन्- 'घर भारत परे पनि के भो र सबै थोक नेपालमै पाइन्छ भने किन भारत गएर पढ्नु ? यहाँ शिक्षाको सुविधा सरकारले दिएकै छ ।' ११२ नम्बर पिलरदेखि तीन किलोमिटर पर भारतको टेलिभिट्टा भन्ने स्थानमा श्री उत्तिम विद्यालय धोबीभिट्टा छ । तर, त्यहाँका बालबालिका विद्यालय जान मान्दैनन् ।





**सीमा क्षेत्रका बालबालिका पढाइ छाडेर क्यारियरको काम गर्दै**

नजिकै भारतीय बजार पाठामारी र ठाकुरगञ्ज पर्छ । त्यहाँबाट नेपाल भित्र्याउने किराना तथा खाद्यान्न सामग्री ल्याए बापत सीमा क्षेत्रका बालबालिकाले दिनमा ५००देखि १००० कमाउँछन् । बेरोजगारीका कारण अधिकांश बालबालिका बिद्यालय जान छाडिसकेका छन् ।

बस्तीका आधाभन्दा बढी बालबालिकाले पढाइ छाडिसकेको शिक्षक बिजय हजामले बताए । ३देखि ५ कक्षा पढ्दापढ्दै बालबालिकाहरू कमाइको बाटोमा लागीपर्ने गरेको उनको भनाइ छ । 'पढाइ छाडेको अधिकांश बालबालिका नेपालमै पढ्थे'- उनले भने । हामी भारतीय नागरिक भए पनि नेपालमै पढ्थ्यौं- १४ वर्षीय भारतीय बालक उदयकुमार गणेशले भने- 'अहिले पढाइ छाडिसकेका छौं, भारतको विद्यालयमा नाम लेखाएका थियौं, दुवैतिर पढ्नु भन्दा रोजगारीमा लाग्नु घरबाट भनेपछि पढाई छाडेर काम गर्न थालेका हौं ।' १२ वर्षीय साहिल आलमले भने- 'जानकीमा कक्षा ५सम्म पढेको थिएँ, अहिले पढाइ छाडेर क्यारियरको काम गर्दैछु । 'नेपाली वा हिन्दी कुन भाषामा पढ्नु, भाषाकै समस्याका कारण पढाइ छाडेर पैसा कमाउन लागीपरेका छौं'- उनले भने ।

## अपराध ...

स्थानीय मेदनी प्रसाईले समाजमा हुने अपराधिक गतिविधि नियन्त्रणका लागि प्रभावकारी हुने भन्दै यस्तो कार्य बिर्तामोडका लागि अति आवश्यक रहेको बताए ।

बिर्तामोड-१ निवासी रामप्रसाद बाह्रकोटीले बिर्तामोडमा शहरीकरण बढ्दै गएको र आपराधिक क्रियाकलाप गर्ने मानिस पनि बस्दै गएकाले प्रहरीले शुरु गरेको अभियान अत्यन्त प्रभावकारी रहेको बताए । उनले घरधनी र डेरामा बस्ने सबै नागरिकको परिचय पत्र पनि अनिवार्य गर्नुपर्ने बताए ।

यता राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदन गोपाल सुब्बाले प्रहरीले शुरु गरेको अभियान अभियानमा सीमित नरहोस् भन्दै प्रहरीले अभिलेखलाई सुरक्षित गर्न सके आधार स्तम्भ हुने बताए ।

प्रहरीले यसअघि अपराध नियन्त्रणका लागि बिर्तामोडका प्रत्येक चोक-चोकमा सीसी क्यामेरा समेत जडान गरेको छ । तत्कालीन प्रहरी नायव उपरीक्षक कृष्ण कोइरालाको पहलमा बिर्तामोड नगरपालिकामा मात्रै झण्डै ६० बढी स्थानमा सीसी क्यामेरा जडान गरिएको छ । जसका कारण प्रहरीलाई प्रमाणमुखी अनुसन्धानका लागि सहयोग पुगेको बताइएको छ । प्रहरीले अपराध रोक्न यो अभियानलाई सञ्चालन गरेको जनाएको छ । यसअघि बिर्तामोडमा एक सुन व्यवसायीको हत्या गरेर हत्यामा संलग्नहरु फरार हुँदा प्रहरीलाई तत्कालै पक्राउ गर्न समस्या भएको थियो । सबै डेरावालाको विवरण भएको भए अपराधमा संलग्नलाई तत्कालै निगरानी गरेर पक्राउ गर्न सजिलो हुने प्रहरीको भनाइ छ । त्यस्तै सबै डेरावालको विवरण भएको भए आपराधिक मानसिकता बोकेका तथा विभिन्न चोरी, डकैती तथा लुटपाटमा मात्रै होइन् प्रतिबन्धित विप्लवका नेता तथा कार्यकर्ताहरु समेत पक्राउ गर्न सकिने प्रहरी नायब उपरीक्षक थापाले बताए ।

विवरण संकलनले को व्यक्ति कहाँ छ भन्ने मात्र होइन को, कहाँ, कुन पेशामा आवद्ध छ भन्ने विवरण खुल्ने भएकाले आपराधिक क्रियाकलाप गर्नेहरुलाई निगरानी गर्न सहज हुने प्रहरीको भनाइ छ । शहरी क्षेत्रमा चोरी, डकैती तथा विभिन्न अपराधका घटनामा वृद्धिभएको भन्दै प्रहरीले पूर्वतयारी स्वरुप सबैको विवरणसंकलन अभियान शुरु गरेको जनाएको छ ।

## चेक ...

सात हजारको चेक बैंकमा माथिल्लो कोठाबाट सदर गरी पुनः रु. तीन हजारका स्थानमा रु. ३० हजार र रु. चार हजारको स्थानमा रु. ४० हजार लेखेर सो बैंकबाट रु. सात हजारको ठाउँमा रु. ७० हजार झिकेको बैंकका प्रबन्धक शिवशंकर यादवले बताए ।

बैंकमा बिहीबार बेलुका हिसाब मिलान गर्दा हिसाब नमिलेपछि सबै चेकलाई जाँचबुझ गर्दै जाँदा प्रहरी जवान द्विवेदीले आफ्नै दुवै चेकमा केरमेट गरेको भेटिएपछि बैंक प्रबन्धक यादवले राति नै महोत्तरीका प्रहरी उपरीक्षक अधिकारीलाई सो कुराको जानकारी गराएपछि प्रज द्विवेदीलाई प्रहरी कार्यालयमा पक्राउ गरी राखिएको हो ।

प्रहरी उपरीक्षक अधिकारीले कीर्ते र ठगी गर्ने व्यक्ति प्रहरी हुन लायक नरहेको बताउँदै प्रहरी जवान द्विवेदीलाई कारवाही स्वरुप निलम्बन गरिने प्रक्रिया अगाडि बढाइएको बताए ।

## संघीय ...

नेताहरुको सुझाव छ ।

त्यस्तै शिक्षाको गुणस्तर बृद्धिका लागि स्थानीय सरकारसँग समन्वय गर्दै स्थानीय सरकारलाई सहयोग गर्ने पनि उनीहरुले प्रतिबद्धता जाहेर गरेका छन् । शिक्षक महासंघ झापाका अध्यक्ष बुद्धिमान कार्कीसहितका नेताहरुले छलफलमा शिक्षा क्षेत्रका समस्या समाधानका लागि आफ्नो धारणासहित प्रतिबद्धता व्यक्त गरेका हुन् । शिक्षक महासंघका जिल्ला सचिव तोयानाथ दाहाल, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष कृष्णप्रसाद अधिकारी, नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष नेत्रप्रसाद खरेल, नेपाल शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेल, महासंघ गौरीगञ्जका अध्यक्ष हरिलाल यादव, सचिव प्रकाशचन्द्र राजवंशी, शिक्षक संगठनका गौरीगञ्ज अध्यक्ष भीमबहादुर कार्की, शिक्षक संघका गौरीगञ्ज अध्यक्ष गोपालप्रसाद ताजपुरिया, सचिव बुलेन्द्रप्रसाद राजवंशीले आफ्नो धारणासहित सुझाव र प्रतिबद्धता व्यक्त गरेका हुन् । छलफलको संयोजन संवाद समूह झापाले गरेको थियो ।

## सांसद ...

भएको थुनछेक बहसपछि अदालतबाट यस्तो आदेश आएको हो ।

पुर्पक्षका लागि अदालतले थुनामा पठाएसँगै आलमको सांसद पद स्वतः निलम्बनमा परेको छ । एक हप्तादेखि जारी बहस शुक्रबार दिउँसो सकिएसँगै जिल्ला न्यायाधीश दीपक ढकालको इजलासबाट आदेश जारी गर्नुअघि अदालत आसपास र गौर क्षेत्रमा सुरक्षा अत्यन्त कडा पारिएको थियो । आलममाथि २८ चैत २०६४को पहिलो संविधानसभा चुनाव बिथोल्न जिल्लाकै राजपुरमा बम बनाउने क्रममा बिस्फोटमा परेर घाइते भएका २३ जनालाई इँटाभट्टामा जिउँदै जलाएर हत्या गरेको अभियोग लागेको छ ।

जिल्ला सरकारी वकिल कार्यालय रौतहटले आलमसहित १० जनाविरुद्ध उक्त घटनामा अभियुक्त बनाएर जिल्ला अदालत रौतहटमा तीनवटा फरक अभियोग पत्र दर्ता गराएको थियो । आलमको पक्षमा वकालतनामा लेखाएका २९ जनामध्ये २५ जना वकिलले बहस गरेका थिए । पूर्वमहान्यायाधीवक्ता रमन श्रेष्ठसहितले उनको पक्षमा बहस गरेका थिए ।

**जग्गा बिक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**होटल बिक्रीमा**

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) बिक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८१६९८१०१७

**कर्मचारी आवश्यकता**

बिर्तामोड नपामा अवस्थित एक प्रतिष्ठित कम्पनीका लागि बिर्तामोड नपाभित्र नै मार्केटिङ गर्न सक्ने २ जना महिला कर्मचारीको आवश्यकता परेको हुँदा +२ पढेका वा पास गरेको इच्छुक नेपाली नागरिकले तु-सम्पर्क गर्नुहोला ।

**तलबः** आपसी समझदारीमा, आकर्षक

**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र भए पेश गर्न सकिनेछ ।

विहान ८ बजेदेखि दिउँसो ५ बजेसम्म सम्पर्क गर्न सकिनेछ ।

सम्पर्कः ०२३-५४०३३५

**कर्मचारी तु-चाहियो**

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।

**मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।**

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४ झापाको

**१९औं साधारणसभा प्रतिनिधि छनौट सम्बन्धी सूचना**

यस कर्णाली वचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ झापाको १९औं वार्षिक साधारणसभा मिति २०७६।०९।१३ गते आइतवार हुने निर्णय भएको हुँदा उक्त साधारण सभाको लागि यही मिति २०७६ साल मंसीर २२ गते कूल सदस्य संख्याको १०:१ वा १०% साधारणसभा प्रतिनिधि सदस्य छनौट गरिने भएकोले उक्त मितिको साधारणसभाको प्रतिनिधिका लागि २ प्रति फोटोसहित आवेदन फारम माग गरिएको हुँदा सो माग फारम सम्बन्धित कर्मचारीबाट वितरण भइरहेको छ । कारणबश कर्मचारीबाट प्राप्त नभएमा यसै सुचनालाई आधारमानी सम्बन्धित सेवाकेन्द्रका कार्यलयहरुमा सम्पर्क गरी आवेदन फारम लिन हुन अनुरोध गरिन्छ । उक्त फारम यही मंसीर १५ गतेभित्र बुझाई दिनुहुन समेत अनुरोध गरिन्छ । तोकिएको समयभन्दा ढिलो फारम बुझाएमा वा आवेदन फारम पेश नगरेमा साधारणसभा प्रतिनिधि छनौटमा सहभागी नगरिने समेत जानकारी गराइन्छ । साथै निष्कृय सदस्य र ऋणको किस्ताले वा समयले भाका नाघेको ऋणी सदस्य भए फारम भर्नु अघि तिर्न बाँकी रकम बुझाउनु पर्नेछ । भाका नाघेको रकम असुली नभए प्रतिनिधि छनौटका लागि आवेदन फारम भर्न पाइने छैन भन्ने समेतको जानकारी गराईको व्यहोरा अनुरोध गरिन्छ ।

सञ्चालक समिति

**कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड न.पा.-४ ,झापा

असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

**NMC-COOP**

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापाको

**साधारणसभामा उपस्थित भइदिने बारे सूचना**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी) को २७ औं वार्षिक साधारण सभा तपसिलको मिति, स्थान र समयमा हुने निश्चित भएको हुँदा साधारण सभा प्रयोजनका लागि छनौट हुनुभएका प्रतिनिधिमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै उक्त दिन संस्था अन्तर्गतका बैङ्किङ व्यवसायका सम्पूर्ण कार्यालयहरु बन्द रहने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**तपसिल :**

**मिति :**

२०७६ कात्तिक ३० गते शनिबार (आज)

**स्थान :**

पासाङ ल्हामु स्मृति जेसीज प्रतिष्ठान, धुलाबारी, झापा

**समय :**

बिहान ११ बजे (NMC TIME)

**कर्पोरेट कार्यालय**

**श्री जनता माध्यमिक विद्यालय**

झापा गाउँपालिका-६, शरणामती

**प्रशिक्षक (शिक्षक) आवश्यकता**

यस जनता मावि झापा गाउँपालिका-६, शरणामतीको मिति २०७६/०७/२७ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयबाट शिक्षा विकास तथा समन्वय इकाइ, झापाको मिति २०७६/०७/२८ को च.नं. ६१४ को विज्ञापन अनुमति पत्रानुसार वि.व्य.स.द्वारा गठित शिक्षक छनौट समितिको मिति २०७६/०७/२९ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयको प्राविधिक विषय वाली विज्ञानतर्फ तपसिल बमोजिम प्रशिक्षक (शिक्षक) आवश्यकता भएकाले देहाय बमोजिमको इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त दिन आह्वान गरिन्छ ।

**तपसिल**

**१. विज्ञापन नं. १**

**पद संख्या :** १

**तह :** माध्यमिक (प्राविधिक प्रशिक्षक) विषयः कृषि (वाली विज्ञान)

**आवश्यक न्यूनतम् योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट B.Sc. Ag. वा सो सरह उत्तीर्ण गरेको

**आवेदन दस्तुर :** रु. १,५००।-(एक हजार पाँच सय रुपैयाँ मात्र)

**२. सेवाको किसिम :** करार **३. उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**४. तलब सुविधा :** नेपाल सरकारले तोके बमोजिम ।

**५. दरखास्त दिने मितिः** २०७६/०७/२९ देखि २०७६/०८/०५ गतेसम्म कार्यालय समयभित्र ।

**६. सम्पर्क मिति :** २०७६/०८/०५ गते दिउसो ४ बजेपछि ।

**७) परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक

८. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिनेछ ।

**९. आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान ।

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान ।

ग) निरोगिताको प्रमाणपत्र ।

१०. म्याद नाघि आएको र रीत नपुगेको आवेदन मान्य हुनेछैन ।

११. सम्पर्क नं. ९८०४९६५४१९, ९८०४९१८५९०, ९८१४९९९०९४

**तारानाथ रिजालः प्रधानाध्यापक**

**श्री जनता माध्यमिक विद्यालय**, झापा गा.पा.-६, शरणामती

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

# समयोचित योग्यताको कदर नहुँदा मान्छे ठिस् हुँदोर'छ !



हाँस्य-व्यंग्य

**व्यंग्यनारान पाँडे**

आज बिहान चाहिँ किन हो किन मलाई अल्छी लाग्यो। ओछ्यानमै त्यत्तिकै गुट्मुट्टिरहें। सँधै सुन्ने गरेको एफएम पनि खोलेको त थिएँ तर हेड लाइन सुनेपछि 'आ..., के सुन्नु हौ यो एफेम-सेफेम पनि, हिजो-अस्तिदेखि बयेलिएर अमिलो भइसकेको समाचार मिसेर पस्किन्छ– वाक्क !' भन्ने मनमनै सम्भिँदै प्याट्ट बन्द गरेको थिएँ। तपाईं नै अनुमान लाउनोस् न, कति अल्छी लागेछ मलाई ?

ओछ्यानबाट उठ्ता भन्नै साढे आठ बजिसकेको थियो। बरण्डामा सँधै झैं काठमाडौंका राष्ट्रिय र झापाकै 'लोकल राष्ट्रिय' पत्रिकाहरु आइसकेका रहेछन्। दिसा-पिसाबले मलाई शौचालय जान र्‍याखर्‍याख पारिरहेका थिए तापनि अघि एफएमको समाचार पनि नसुकेको हुँदा खासगरी लोकल खबर-खाबर जान्ने तिर्खा दिसा-पिसाबको ढिपीभन्दा जौडे भयो। र, दिसा-पिसाब चेपेर म खासगरी स्थानीय पत्र-पत्रिका पढ्न थालें। खबर-समाचार जान्ने इच्छाको दुर्व्यसनले जो म ग्रस्त छु, के गर्ने !

सँधै एफएम सुनेर हिजो वा अस्ति आफ्नो जिल्लामा कहाँ-कहाँ के-के कार्यक्रम भएछन्, कार्यक्रममा कुन पद-पगरीका को-को प्रमुख अतिथि भएछन्, कुन कार्यक्रममा को-को विशिष्ट अतिथि भएछन्, कस-कसले कुन-कुन कार्यक्रमको सभापतित्व गरेछन्, कहाँ कसले स्वागत भाषण गरेछ, कहाँ-कहाँ कस-कसले स्वागत-भाषण गरेछन्, कहाँ-कहाँ कस-कसले सहजीकरण गरेछन्, कहाँ-कहाँ कस-कसको उपस्थिति भएछ इत्यादि दैनिक जान्न पाइन्थ्यो। आज एफएम नसुकेको हुँदा ती सब जान्न पाइएको थिएन। त्यति मात्र होइन, एफएम सुन्नुको अर्को फाइदा नेपाली भाषाका नयाँ-नयाँ शब्द सुन्न-जान्न पाउनु पनि हो भन्ने मेरो बुझाइ थियो। **आतिथ्यता, संयमता, पुगाउनु, सकाउनु, झराल्नु, खेदाउनु, अन्योलता, आदर्शता, बाहुल्यता, जनताहरु, गतिविधिहरु कालो मोसो, वनको जंगल, शुद्ध गाईको दूध** आदि शब्दहरु मैले बढता स्थानीय एफएमबाट र केही चाहिँ स्थानीय पत्रपत्रिकाबाट सिक्न पाएको हूँ। कहिले-काँही आकाश गर्जिएका बेला एफएम बन्द हुँदा माथि भनिए झैं कार्यक्रमहरुको जानकारी र भाषा-शब्द पत्र-पत्रिकामा पनि खोज्ने गर्छु। आज पनि बिहानको अल्छीले गर्दा एफएम नसुनिएको हुँदा दिसा-पिसाबको सुनामी आँधी बन्दै गएको चाप दबाएर स्थानीय पत्र-पत्रिकामा, माथि भन्या झैं, कार्यक्रमको समाचार र मैले सिक्नुपर्ने भाषा-शब्दको प्रजातन्त्र खोज्दैथैं। किनभने, म भाषाको प्रजातन्त्र खेल्न जान्दिन र मैले जानेको स्थानीय प्रजातन्त्र भनेको आफूले जे जान्दछ त्यही ठीक भन्ने र पार्टी नेताबाट ठीक छ भनाउने अनि जे मन लाग्यो त्यही भन्ने हो। यत्राको ब्याकरण !...

म यसरी एकोहोरिएका बेला गौंथलीको बाऊ टुप्लुक्क आइपुगे र धमाधम भने– "हन के पढिराख्या हउ तपाईंले नेपालका छापा ? मलाई त हर्रामी फस्टेसन पो भइराख्या छ नेपालका धेरैपए मेडियासित। एब्दमै कतिपए मेडिया मात्तै पनि ठिक्ठिकै छन्, धेरैपए कामै नलाग्ने बिकामे। कोइ बिलेकियाका नूनभूउस-कुँडोमा पालिया छन्, कोइ नेताका भजनबड झर्नेमा पालिया छन्, कोइ मैनपाओरका दलाल भ'र मोटाका छन्, कोइ गाई-गोरु तस्कर खौरेर साँडे भका छन्। कतिपय मागेर खाने जस्ता तन्नम् छन् भने धेरैपए चइँ जिम्दै इँटाभट्टामा दाउरा बनाउनु जस्ता छन्।... तपइँ तिनै मेडिया घोकेर गनतन्त्रको सम्बिर्दि लेराउने यो इन्पोरट्यान ट्याम लस गरिराका रछौ ! आजै चइँ म मेरो टाउकाभित्रको किट्नीले रनक्क तातेर गरेको डिसाइटको कारन यो मात्रिभूमिबड टिएप्पी-टाप लाउनु परो भन्ने इस्टमेटमा पुगेको जानकारी दिन आइरथैं ! तपइँको दोडै हात खाली रइनछन्, दोडै हातले समातेर घोक्तै रछौ एक अरुङ मेडियाका कात्रा !"....

उनको पछिल्लो वाक्य सुनेर म एकखेप फुल भोल्यूम हाँसे र हाँसोको छल्कोसँग बोली मिसाउँदै भनें– "हातले कुरा सुन्छ र ? कुरा सुन्ने कान हुन्। कान त खाली नै छन् नि। भन्नोस्, तपाईंले मातृभूमि छोडेर कता टाप कस्ने डिसाइएड गर्नु भयो र किन त्यसो गर्ने डिसाइड गर्नु भयो भन्ने म सुन्दै त छु।"

उनी अझ गम्भीर भएर बोले– "साआआआरै थाकेछुँ हओ भाइ ! औधी गलेर हल्लुँड भँछु। साँच्चै भन्छौ भने अस्ति कात्तिक आठ गते रोज छे दशमी तिथिका दिन पर्देश पर्मुक तोकेसि म जत्तिको जान्नेबुद्ने रानीतिकको पोल्टिस्मा अनुभवी, म जत्तिको अर्जिलित जनवादीमा सिन्यार कम्रेटको काम टोट्टल फिनिस्टेको मैले मौसुप गरिराँछु र अब के खान बसिराख्नु यो मोरो गरीप न गरीप देशाँ ? मैले गर्न जान्दो र सक्तो राष्टबादी गरिन कि ? कम्रेट गरिन कि ? पत्रकार गरिन कि ? मिस्कट भासाबिद गरिन कि ? गर्न सक्तो के चइँ गरिन ? म जत्तिको कम्रेटी बानी-बेहोराको आर्को फम्रेट कोइ छ त ? मैले जति अरु-अन्न धनी कम्रेट, जिम्दार कम्रेट, साउ-सामान्ती कम्रेट, हुकुमी कम्रेट, कमाउकान्ते कम्रेट, जन्ताका मालिक भइखाका कम्रेट इत्तेदि ठूलाठाला कम्रेटहर्‌को इजोत गरेर जेमा पनि चानसमा डानस गर्न दिने आच्छा कम्रेट अरु एउडा छ त ? पोरप्रार नर्पालिका-गाम्पालिकाका उस्तो इनकम हुने ठामहेरु उँधेरलाई नै छोड्दें। पर्देश सर्खारका उम्रेदेखुन् खुम्रेसम्मका सबै ठाममा मभन्दा जुन्यार-जुन्यारले रोगे रउँ फाल्ने आश गरेर मैले छोडदें। क्यारिन्ए सर्खारका दुईचाडा मलिला मन्त्रालएबड एउडा छान्न मेरो शुबनाम उभारेर साँचिराखेका होलान् भन्ने लागो र म मेची खोलाको गन्दे बगारमा पोके-झोले तस्कर-तस्करनीसँग पत्रकार गर्दै दुक्खसुख्ख हातमुख जारिरएँ। भरेभन्दा तिनै तस्कर-तस्करनीका ठूला मालिक ब्लेक्या माफ्या महोद्दएहरुका सल्ला-सेटिङबड मेरो नाम चट्। मैले तोको अर्‌थ, परास्ट, उद्दोग र गिर्‌हे मन्त्रालए ख्वात्त भइगो र भा पनि तिर्भुओन बिस्सोविद्देलएकोकोनि कुन्कुन कुर्सी खाली थ्यो र पर्खें। तर, फुस्सा ! अन्तिमको लास्टमा पर्देश पर्मुकका ठाम खाली भए। तेसै ठाममा भए नि हुन्छ, इन्कम हुने ठाम हो- होइन, इनकम भओस् कि नभओस्, सन्तोक गर्छु भन्ठानेर पर्खें, तर, फुइँयाको ! अब आर्को के हुनेवाला छ र बस्नु त यो मात्रिभूमिमा ? तात्तो न छारो !"

मैले भनें– "यो पिण्ड खाने बेलामा आफ्नो जन्मभूमि नै छोडेर जाने कुरा मलाई त मन परेन हाए दाइ।"


उनले भिजेको स्वरमा भने– "तपइँलाई नमुन परेर थाम्दैन अब मलाई। याइँ बसिराख्ता पनि मलाई पिण्ड दिने आफ्नु को छ र ? तपइँकी भाउजू उस्को मितदाजूको कान्छोमामाको पल्टने छोरोसंग आनन्नसँग इण्डे पर्‌एटन गर्न गकी अस्ति काक तिआरका दिनदेखुन्, ठ्याक्क नउ बर्खभो, घुरेकी छैन। कपालकोकेश बोइ-कट् बना'र, पाइँट-भेष ला'र, एक बित्ता अग्लोखुर भको सेन्डिल ला'र, हातमा अउँठी-घडी जखेर खिचेको फोटा पठाइरथी। दोडा छोरा दोडै भित्तीमार्का मधेसेनी हेरुसित जोइला गइगए-कता छन् कता ! जीउडाल मिलेका अटसपटस ज्यान भका भरिला भरिला चाडा छोरीहरु कर्मशः बइजन्तीमाला, हेमामाल्नी, रेखा र सिरिदेवी थे नि थिन ता। ती याँ भउन्जेल तिन्काई भेट्न आउने सरहर्‌ले नै मलाई कैलु बेहारीको भट्टी हुटेलमा जानै दिँदैनथे, जैल्लै बिहोश हुने गरी खान्थैं र सुन्थैं। उँधेरलाई रामरस गर्न फिरी थ्यो– तेता पनि कुरो चइँछ मेरा तर्फबड। ती एउडी-एउडी गर्दै सेनिमा बनाउने ठाम बम्बै घुम्न लाने भन्र तिनै सरहर्‌ले लगिहाले। म एक्लो छु। कतै फिसिक्क सास फोर्न बिर्सें भने याँ पिण्ड दिने को छ र पिण्डका लोभले याँ बसिरनु त ? म त लौ कोरिआली किरिस्थानी आमैले होल्ली वाएन नामको रौसी लेराकी हुँदा र कैलुको भट्टी हुटेलको खुदीको खोयाबिर्केमा नाक लागिसक्या हुँदाहुँदी ती आमैले लेराकी सो-उक्त रौसी एतासम्म पनि आइपुग्ला र चाख्न पाउँला भन्र मात्तै पान्सात दिन किरिस्थान भ'र लन्ठ्याङलुन्ठुङ गर्‍या भा पनि जातले त पिउर हिन्दू हूँ। तर, हाम्रो झाँपामा मनभित्रको किट्नी र लिबरले नै म जस्तो अर्जिनिल हिन्दू कति छन् र मलाई पिण्ड देलान् त ? पस्सिउँ नेपालदेखनुका गउमाता यइ जिल्लाका बिबिन्न नाक्काबड धमाधम हिन्दूस्थानका गउबध शालामा पुर्‌यार काटिँदै रछन् बर्सौंदेखुन्। एस जिल्लाका हिन्दूहरले पर्बा नगर्नुको के रहस्से छ त ? बल्ल झाँपा परहरीमा मैदाली साहेप आएसि रोकाओट स्टाट हुँदा म बाएक ती गउबम्सको माहान रक्छेक परहरीलाई करजोरी धन्नेबात भन्न को निस्को पैला ? यस्ता ठाममा म झिपिक्क भएँ भने मेरा आफ्ना नभा पनि बाइरकका कस्सैले मलाई पिण्ड देला त ? मैले पिण्ड नपाउँदा याँका काङरेस र राजावादीहर्‌ले 'यो बूठो ठूलो मान्छे हूँ भन्थ्यो, मरेपछि पिण्ड पनि पा'न, हाहाहा !' भन्दै रेला गर्लान् अनि मैले एतिका बर्खदेखुन् भामट रिकट बनाको मेरो बेक्तित्तोको इजोत जाँदैन त ? तेउसकारन नै म मलाई कस्सैले नचिन्ने, मेरो शुबनाम नजानेर मलाई 'कान्छा' र 'भादुर' भन्र सम्बोदन गर्नेहर्‌का ठाममा ग'र बस्छु बरु ! चार धुर माटोमा एउडा अर्दपक्का घर छ। तो माटो र घर चना-चटपटेवाला बङ्गलादेशी मुसुलमानले किन्ने भइरछ। तेल्ले नेपाली नातृकताको खेम्रो किन्न दाम काम सेटिङ भइसको भन्थ्यो। तेत्ति पर्खेर बस्या छु।"...

बोल्दाबोल्दै हिरिक्क भएर उनले बिसाए। उनका कुरा सबै बुझेर पनि म अल्मलिएछु र, त्यतातिरबाट कुरो मोड्दै मैले सोधें– "अघि तपाईंले तपाईंकी जेठी छोरीको नाम बैजन्तीमाला भन्नु भयो। अनि गौंथली चाहिँ कसको नाम थियो र तपाईंलाई गौंथलीको बाऊ भन्या हैं ?"

उनले एकछिन् मेरो अनुहारमा राम्ररी हेरेर भने– "नाम त तइ मेरी ठूली छोरी बइजन्तीमालाको नाम गउँथली हो। तर, यो मोडन ट्याममा तेति राम्री केटीलाई गउँथली किन भन्नु भन्र हामी आमा-बाऊले तेस्को गउँथलीलाई बइजन्तीमालामा टाँचलेट गर्‍या हम्।... हुन त निजै बाऊसित निजै छोरीको नालीबेली सोद्दा तपइँलाई लाज-शरम लाग्नुपर्ने नि। तपइँमा पनि समस्कार त एकै पित्को रैनछ, होइन्त ?"...

बस यत्ति सोधेर जवाफ नपर्खी ओठबाट पिरित्त आवाज काड्दै उनी धमाधम बाटो लागे र उनी बाटोमा धूलो उड्ने गरी पाइताला थेचार्दै गइरहेतिर हेर्दै अनि मैले मनमनै भनें– "पद-पोस्ट नपाएर गौंथलीको बाऊ बौलाउन थालेका हुन् ? विचराको समयोचित योग्यताले कदर पाएनछ त के गरुन् ?".....

# पण्डित भीमप्रसाद गुरुलाई सश्रद्धा शबदपुष्प !



**प्रेमप्रकाश पोखरेल फलाहाली**

आजभन्दा झन्नै चार दशक अगाडि म खेती किसान व्यापार व्यवसाय र समाजसेवामा समेत तनमय भएर लागेको थिए। त्यो बेला ऐले जस्तो विद्यत्‌जनहरुसँग भेटघाट र परिचय गरेर हिँडडुल गर्ने फुर्सदै पो कहाँ मिल्थ्यो र। वि.सं. २०४० सालतिर बिद्वानहरुका प्रवचन सुन्नपरे कि त गुरुकुलतिर जानुपर्ने हुन्थ्यो ! कि त कहाँ पुराणको कथा प्रवचन हुन्छ त्यहाँ पुग्नुपर्ने हुन्थ्यो नत्र रेडयो नेपालको धार्मिक कार्यक्रम सुन्नु पर्थ्यो। ऐले जसरी घरको बन्दन् चुडाएर हिँड्न मुस्किल थियो।

प्रकाण्ड विद्वान योगी नरहरिनाथ। खेमराज केशवशरण लगायत केही विद्वानहरुको चर्चा सुनिन्थ्यो। अकस्मात् योगी नरहरिनाथले झापाको कन्काइ माईमा कोटीहोम लगाउने भन्ने खुबै चर्चा चल्न थालो। माई नदीको पूर्वी तटमा विश्वकल्याण कोटीहवनको तयारी भइरहेको कुरा ब्यापक भएपछि म पनि मंसिरको दोस्रो शनिबार पारेर माई नदीमा नुहाएर आउने बहाना बनाएर घरबाट बिहानै त्यतातिर लागे।

माई खोलाको किनार खयर, सिसौ र काँसघारी सारा क्षेत्रले पनि महायज्ञ गर्ने ठाउँ पुग्दैन यहाँ देश-विदेशका मानिसहरु आउँछन् भन्ने व्यापक हल्ला जतातते सुनिन्छ। यो टहरो शनिश्चरेको, यो दमकको यस्तै क-कसको हो क-कसको बाँस खरपरालका कटेराहरु जतातते धमाधम बनाउँदै गरेको हेर्दै गएँ सबै आफसेआफ बनाउँदैछन्। मुख्य कोटीहोम हुने ठाउँ सरसफाई गर्ने हवनकुण्ड पनि पाँच वटा सानोतिनो हो र पोखरी जस्तै हेर्दै मुटु ढुकढुकिने। झण्डै पाँच कट्ठाको एरिया हवनकुण्डहरुका लागि ब्यापक तयारी गराउँदै गरेको देखें। एकजना निधारमा त्रिपुण्डधारण गरेका गोरो मुहार, शीरमा ढाकाटोपी, शरीरमा टल्किने सेतोदौरामा सुकिलो धोती फेरेका होचो कदका कर्मठ ब्राह्मण ती पाँच वटा हवनकुण्डहरु फिता लगाएर नाप्दै चारैतिर घुमि-घुमि बडो फुर्तिफार्तिका साथ यज्ञकुण्ड तयारी गराउने काममा लागिरहनुभएको छ। उहाँसँग परिचय त के एसो बोल्ने हिम्मत पनि पुगेन धुरन्धर विद्वानसँग हाम्रो के ताकत ? उहाँ कर्मकाण्ड र धर्मशास्त्रको प्रमाण दिएर मात्र बोल्ने हातमा पुस्तक छ त्यो पल्टाएर यो प्रमाण अनुसार यो गराएको भन्ने सामर्थ्यले भरपुर हुनुहुन्थ्यो।

ठूला मै हुँ भन्ने पनि उहाँले अराए बमोजिम चुप लागेर काम सघाउँदै गरेको देखें र म तिनछक्क परें र मैले उहाँसँग एक बचन बोल्न सकिन भने त्यो बेला योगी नरहरी कस्ता होलान् र कहाँ होलान् भन्ने प्रश्नको ओइरो ममा थोपरियो। आफूले चिनेका साधुटारबाट आएका आफ्नै मामा पं. केदारनाथ खतिवडाबाट बुझ्दा उहाँ कर्मेष्ठी ब्राह्मण पण्डित भीमप्रसाद तिमसिना हुनुहुन्छ। भन्नेसम्म मात्र पत्ता लगाएर यस महायज्ञ मा १००८ ब्राम्हण मध्ये सहभागी हुन चाहिँ के-के गर्नुपर्छ ? नाम कोसँग लेखाउनुपर्नेभन्दा योगीजी आएपछि अन्तरवार्ता लिएर पास भएपछि मात्र नाम निस्किन्छ भन्ने सुनेपछि म अब दुई-चार दिन लगातार आएर भए पनि सहभागी भएरै छोड्ने भन्ने अठोट गरेर म माई नदीमा स्नान गरेर घर फर्किए।

घरमा शरीर मात्र आयो मन चाहिँ उतै छ। केही दिनपछि स्वामी कैलाशानन्द आउनुभएछ दुई-चार दिनपछि फेरि त्यतै तिरलागे। सायद योगीजीले उनै कर्मेष्ठी गुरुवर पं. भीमप्रसाद तिमसिनालाई महायज्ञपट्टिको काम जिम्मा दिनुभएको रहेछ क्यार। पर्चामा पौष १ गतेदेखि माघ १ गतेसम्म एक महिना त्यो महायज्ञ हुने भनिएको छ। एउटा पण्डालमा सहभागीको नाम लेखेको देखेर गए मैले पनि नाम लेखाएँ। फेरि नाम लेखेजतिको अन्तरवार्ता अर्को पण्डालमा हुँदै गरेको चाल पाएँ र गएँ यति लामो लाईनमा ब्राह्मणहरु रहेछन् म पनि पछि लागेँ। एकजना कादरले भित्र जानुपर्छ त्यो लाईनमा ठूला-ठूला पण्डित हरु पनि रहेछन्। बल्ल मेरो पालो आयो उनै कर्मेष्ठी पं. भीमप्रसाद तिमसिना गुरुजी हुनुहुन्छ उहाँले घर, थर, गोत्र, प्रवर सोध्नुभयो सोधे अनुसार बताए पञ्चप्रणव चाहिँ आएन ती ठूला-ठूला गुरुहरु पनि त्यही कुरामा अड्किएको घटनाले सनसनी फैलियो प्रायः सबैजसो ? उता एक हजार आठ जना चाहिएको छ। जडी कुरा नभएपछि केही सीप लागेन किनकि त्यही पञ्च प्रणवसहितको गायत्रीमन्त्रले कोटीहवन गर्ने निर्णय रहेछ। अब फेरि अर्को पण्डालभित्र गएर पढाउन, लेखाउन, रटाउन थालियो बल्लतल्ल पार गरियो। फेरि बेलुका प्रत्येक दिन ब्रह्म गोष्ठी हुन्छ र त्यहाँ पनि संस्कृतमा बोल्नुपर्नेछ त्यो बेला चाहिँ प्रकाण्ड विद्वान योगी नरहरिनाथबाट सबैसँग अन्तरवार्ता हुनेछ भन्ने व्यापक छ महायज्ञ पट्टिको सबै काम पं. भीमप्रसाद गुरुले नै गराई रहनुभएको छ। सबैका आँखा योगीजीतिरै थिए ?कहिले कति खेर आउनुहुन्छ ? एक हजार आठ जना ब्राह्मण मात्र अरु कति हो। त्यो दिन आइपुगो सजिसजाउ बनिबनाउ त सकियो। हवन बडा-बडा पाँच वटा कुण्डमा हुँदैछ महायज्ञका मूल यज्ञाचार्य नै पं. भीमप्रसाद तिमसिना र सबैभन्दा ठूलो बिचको मूल कुण्डको आचार्य पनि उहाँ नै रहेकोले अरु चारै कुण्डको लागि आचार्यहरु छनौट पनि उहाँले नै गर्नुभयो र हवनीय सरसामान जुटानएर पञ्च प्रणवसहितको गायत्रीमन्त्र द्वारा कोटी होम (करोड संख्या) पूरा गर्ने गरी तयारी भयो सुख्खा खयरका काठको घर्षण गरेर अग्नि उब्जाइयो, वैदिक विधिले मण्डपको पूजा भयो महाशंकल्प पछि यज्ञ शुरु भयो।

भर्खरै रटेको पञ्च प्रणवसहित (पाँच वटाॐकार) भएको गायत्री महामन्त्रद्वारा विश्वकल्याण कोटीहोम झापाको कन्काइ नदीको पूर्व किनारामा शुरु भयो। हरेक ऋत्तित्वकका हात त्रिमिर्गि प्रमाण र मुखबाट स्वाहा शब्दले गुञ्जायमान पारेको थियो। यता राजमार्गमा गुडिरहेका गाडी रोकेर मानव सागर उर्लिन थाल्यो। ती वरण गरेर महायज्ञमा तन्मय भएर लागेका ब्राह्मणहरुका पेटमा माई नदीको पानी बाहेक चारदिनसम्म केही पर्न पाएको थिएन। जब मूल संकल्पकर्ता मूल आयोजक राष्ट्रगुरू योगी नरहरिनाथ आइपुग्नु भयो लाग्थ्यो साक्षात् कैलाशबाट भगवान् शंकर पदार्पण गर्नुभयो। अब सुकेर चाउरी पर्न लागेका ब्राह्मणका शरीर पुष्ट हुँदै गए कारण भक्तहरुका हातबाट फलफूलको बर्षा हुन थाल्यो।

चारदिनपछि मात्र ब्राह्मणका चुलामा आगो बल्न थाल्यो र दिनको एकछाक चामल पाक्न थाल्यो। त्यो यज्ञमा गठित ७५ सदस्यीय समिति र उपसमिति पनि त्यस्तै थियो। हवनतर्फ गुरुवर आचार्य प्रवर भीमप्रसाद तिमसिना हुनुहुन्छ। हाम्रा जे-जति आवश्यक कुराहरु उहाँ मार्फत पूर्ति हुन्छ। जस्तो चरू, समिदा, अन्य खानपिन आदि। एवम् प्रकारबाट सबै हरेक समिति मार्फत सचिवालयबाट हुन्छ चारैतिर माइक घन्किएको छ। पण्डालहरू अनि करोडौ संख्यामा टनाटन भरिएको जनसागर हेर्दा लाग्थ्यो म हरिद्वारको पूर्ण महाकुम्भमा पुगेको छु जस्तो। त्यो महायज्ञमा को-को आए ? कति धान-चामल कति रकम नगद उठ्यो ? कति जिन्सी उठ्यो ? कतिले के ल्याए र के दान गरे ? कतिले पेट भरे ? कति पेट सुकाएर खटे ? कतिको विवाह र कतिको उपनयन गरियो ? कति जनाले कति गाईदान गरे ? कति बोरा नगद चोरे र कति चोर पक्राउ परे ?कति ब्राह्मणले दक्षिणा नै त्याग गरे ? यज्ञ सकेर बचेको रकमले के-के भयो ? कतिले भाग लिएका थिए ? साहित्य सम्मेलनमा के भयो ? कति कृति बिमोचन र लोकार्पण भयो ? महायज्ञमा उपनयन भएका कति बटुक संस्कृत पढ्न थाले ? अरू पनि यस्ता अनगन्ति प्रश्नकर्ता र जवाफदेही स्वयम् जनता नै भए जस्तो मैले महशुस गरे। हामी एक हजार आठ जना ब्राह्मण पुसको ठिहीमा रात्रिको तीन बजे कन्काईको त्यो हिउँ जस्तो चिसोपानीमा स्नान गरेर तीन घण्टा जप तप ध्यान साधना जस्ता नित्य ब्रम्ह कर्ममा व्यस्त हुन्थ्यौं। त्यसपछि एक-एक गिलास उष्णजल पिएर धोती, गम्छा, तिलक धारण गरेर बिशुद्ध ब्राह्मण भेषभुषामा अखण्ड स्वाहा, स्वधामा दिनभर आ-आफ्ना कुण्डका आचार्यका अधिनमा रहन्थ्यौं।

यसरी २०४१ पौष १ गतेदेखि माघ १ गतेसम्म महिनाभर स्वाहा-स्वाहा मै कन्काई माई नदी किनारामै बिताइयो। त्यो बेला ब्रह्मगोष्ठी रात्रि १० बजेसम्म संस्कृत भाषामा सत्संग चल्थ्यो। ब्राह्मण समूहको बिश्राम रात्रि ११ बजेदेखि ३ बजेसम्म माईका बगरमा बग्रेल्ती मानवसागर खरपरालका टहरामा लम्पसारसँग योग निद्रामा रहन्थ्यौं। समय तालिका अनुसार घण्टीका आदेसमा चल्नु ब्राह्मणको नियति नै भइसकेको थियो। यही बसाईमा बिद्यत् समूह उठ बस हुँदा आत्मीय परिचय भयो महायज्ञका मूल आचार्य पं. भीमप्रसाद तिमसिना गुरुवरसँग राम्रो परिच भयो र अविस्मरणीय पनि भयो। यो हुनुको पनि कारण छ। यज्ञको समापन समारोहमा ब्राह्मणहरुलाई दक्षिणा र प्रमाणपत्र योगीजीका हातबाट प्रवितरण हुनेभयो र नं. १ बाट वितरण शुरु भयो। त्यो बेला लाखौं दर्शक टुलुटुलु हेरिरहेका थिए। ६९ नं. मा मेरो दक्षिणा र प्रमाणपत्र लिने पालो आयो मलाई त्यही बेला हठात्‌भित्रैबाट त्याग वृत्ति उब्जियो र त्यो दक्षिणा योगीजीलाई नै समर्पण गरौं भन्ने लाग्यो र मैले गरें। योगीजीले माईकबाट भन्नु भनेर मेरा हातमा माईक थमाइयो। म यो दक्षिणा यही समर्पण गर्छु किनभने यो हामी सबैको साझा यज्ञ हो।

यसको अवशेष यहाँ एउटा धाम बनोस् भनेर योगीजीमा मेरो निबेदन छ भने र यो प्रमाणपत्र चाहिँ प्रसाद स्वरुप लान्छु भनें। त्यो बेला मुस्कुराउँदै अति सुन्दरम् भन्नुभयो। अबिर माला लगाई दिनुभयो। हर्षोल्लास् भयो मलाई त कतिले बोकेर यज्ञकुण्ड परिक्रमा गराए। अब त्यहाँ सबैभन्दा पहिला त प्रमुख आचार्य प्रवर भीमप्रसाद तिमसिना गुरुले पनि पाएको जति दक्षिणा योगीजीमा समर्पण गर्नुभयो। त्यसैगरी कोटीहोम स्थल एउटा धाम बन्छ भने म पनि दिन्छु भन्दै प्रायजसो सबै ब्राह्मण वर्गले यो ठाउँ धाम बनोस् भन्दै आफूले पाएको महिनाभरको (पारिश्रमिक)दक्षिणा त्याग गरेको रकम अवशेषमा करिब एक लाख २५ हजार भयो भन्ने हल्ला चल्यो। पछि यही रकममा थप गरेर कोटीहोमको प्रथम यज्ञशाला निर्माण भएको थियो। यो तथ्यलाई सारा ब्रह्म समाजले गरेको त्याग वृत्ति बिशेषतः राष्ट्र गुरु योगी नरहरिनाथले नै यसको श्रेय पाउनु पर्दछ। किनकि उहाँले राष्ट्र प्रेमका निम्ति स्वधर्म संस्कृति जगेर्नाका खातिर एक सय ४२ वटा कोटीहोम र लक्ष्य होम मात्र सम्पन्न गराएको चर्चा हुन्थ्यो। गुरुवर आचार्य प्रवर भीमप्रसाद तिमसिनाले यस महायज्ञमा करिब दुई महिना निःस्वार्थ निरन्तर समर्पित हुनु भएको छ। त्यसको साक्षी आफू स्वयम् रहेको कुरा सबैमा यस लेख मार्फत अवगत गराउँदछु। साथै कोटीयज्ञ प्रति योगीजीमा दण्डवत गर्दछु।

कोटीहोमपछि गुरुको घरमा म निरन्तर जान थाले र गुरु पनि प्रायजसो (मेरोघ) धुलाबारीमा आइरहनुहुन्थ्यो। गुरू खानपिनमा ज्यादै आचार बिचारको खुब ख्याल राख्ने पूर्ण शाकाहारी हुनुहुन्छ बाहिर निस्केपछि आफै बनाएर खाने तर दुईवटा सुख्खा रोटी बस्। शरीरमा ग्याष्ट्रिकले बेला-बेला निक्कै साह्रो पार्थ्यो। कोटीहोमपछि गुरूको कीर्ति सबैतिर व्यापक फैलियो। त्यहीसाल पाँचथर जिल्लाको च्याँङ्थापुका चर्चित ठुले खरेलले सहश्रचण्डी गर्ने र दुर्गा पाञ्चायन निर्माणको शिलान्यास गर्ने भएछन्। देशकै कर्मेष्ठी गुरु खोजी गर्दै जाँदा आचार्य प्रवर भीमप्रसाद तिमसिना कै नाम आएछ र शहश्रचण्डी गराउने जिम्मेवारी गुरु माथि आयो। गुरुले मलाई भेटेर मात्र निधो दिने भन्नुभएछ। त्यही सल्लाह गर्न मलाई बोलाएर सोध्नुभयो कहाँ हो ? के हो ? तपाईंको रायसल्लाह नलिई पूर्ण स्वीकृति दिएको छैन भन्नुभयो। मैले भने यो अति उत्तम हो पाँचथर मेरो गाउँ हो र हाम्रो घर ओयामबाट तीनघण्टा पश्चिमोत्तरका ठूले खरेल नेपालमा चर्चित हुन् भनेर बताएँ। उसो भए मेरो पूर्ण सहयोगी भएर जाँउ र गरौं भन्नुभयो।

सबैकुरा तपाईंकै भरोसामा हुन्छ है प्रेमजी ? भन्नुभयो मलाई पनि गुरुसँग सहयात्रा गर्दै आफ्नै जिल्ला जाने रहर भयो र गुरुलाई मैले हुन्छ भनें ! कोटीहोमपछि श्रीरामनवमी कै अवसर पारेर हामी यहाँबाट पं. भीमप्रसाद तिमसिना पं. माधवप्रसाद भण्डारी र उहाँको भान्जो अनि म प्रेमप्रकाश 'फलाहारी' समेत हामी चार जनालाई यजमानहरु गाडीको व्यवस्था मिलाए झापामा लिन आउनु भयो। गुरु समूहका चारजना र यतातिरबाट जाने यजमान समूह का तीन-चार जना मिलाएर झापाबाट रिजाप गाडीमा पाँचथर जिल्लाको च्याङ्थापुतिर लाग्यौं। र, उहाँ पुगेर पाँचथरभरि गाउँ-गाउँका सबै पण्डित र पुरोहित समेत जुटाएर १५ दिनसम्म लगाएर श्रीरामनवमी महापर्वका अवसरमा भब्य र सभ्यसँग महायज्ञ सम्पन्न भयो र त्यहाँ भएको त्यो ऐतिहासिक अनुष्ठानमा ब्राह्मण समूहको मुख्य आचार्यमा रहेरका तिमसिना गुरुको निर्देशनमा रहेर सबैले ब्राह्मणको प्राचीन सनातन बिधि अनुसार ब्रह्ममुहूर्तमा उठेर दैनिक नित्यकर्मका वैदिक बिधिहरु नियमपूर्वक अनिवार्य गर्नुपर्थ्यो। यजमानहरु पनि त्यसैगरी नियमाचारमा रहेर एकाग्रतापूर्वक लाग्नुपर्थ्यो। यज्ञको पूर्णाहुती भएपश्चात् मूल यजमान देवीप्रसाद खरेल (ठूले खरेल)ले त्यो अनुष्ठान भएको निजी भूमिमा दुर्गा पाञ्चायन मन्दिरको शिलान्यास पनि आचार्य प्रवरकै आतिथ्यमा भएको थियो। घर च्याङ्थापुको गढीमा गरेको त्यो सहश्रचण्डीको महायज्ञमा कति पाठ कसरी गरियो ? जप कति भयो ? हवननीय पदार्थ के-के ? र, हवन संख्या कति दैनिक नियमित हुने अनिवार्य कार्यतालिका कस्तो थियो ? तर्पण र ब्राह्मण भोजनका नीति-नियमहरु के-के थिए ? यी नियमहरु देखेर पाँचथरभरका पण्डित पुरोहित तथा यजमान लगायत सारा समाजका विशिष्ठ ब्यक्तित्व नागरिक समाजले समेत आश्चर्य प्रकट गर्दै आचार्य प्रवर पं. भीमप्रसाद तिमसिनाको जयगान गाएरै सम्मान गरेका थिए।

आयोजक तथा प्रमुखकर्ता देवीप्रसाद खरेलले सो यज्ञमा आमन्त्रित सबै ब्राह्मण समूहका आचार्य, पण्डित गुरु-पुरोहित सबैलाई सम्मानपूर्वक यथोचित दान-दक्षिणा गरेर बिदाइ गर्नुभयो। त्यहाँ भएका यज्ञको वर्णन गर्न थाल्दा एउटा ठूलै ग्रन्थ बन्न सक्छ भन्ने लाग्छ। भीमपप्रसाद तिमसिनाको शरीर यो लोकमा नभए पनि उहाँको किर्ती जन्म-जन्मान्तरसम्म यो धर्तीमा अटल रहिरहनेछ र उहाँका परिवारजनहरुको सुख-समृद्धि र सुस्वास्थ्यको कामना साथ आदरणीय गरु आचार्य प्रवर भीमप्रसाद तिमसिना प्रति हृदयबाटै श्रद्धाञ्जलि अर्पण गर्दछु।

# कर्णाली क्षेत्रमा प्राचीन तामाङ राज्य



**भूवन तामाङ**

नेपालमा हाल जुन क्षेत्रलाई कर्णाली प्रदेश भनिन्छ, ती भौगोलिक क्षेत्र र आसपास ठाउँहरुमा उहिले तामाङ राज्य रहेको थियो । साना-साना बाइसे चौबीसे राज्य जस्तै त्यहाँ तामाङ राजवंशका राजाले राज्य गर्दथे । तामाङको राज्य रहेको भौगोलिक क्षेत्रलाई आजपर्यन्त 'जड्यान' या 'जडान' क्षेत्र भनेर पनि जानिन्छ । नेपालको सुदूरपश्चिम क्षेत्रको उत्तरी केही भाग, भारतको कास्मिरको आसपास हुँदै उत्तरतर्फ चीनको मानसरोवर तालको भू-भागसम्म जड्यान क्षेत्रको रुपमा फैलिएको थियो । त्यस क्षेत्रलाई तामाङ भाषामा मारहयूल (स्वर्ण भूमि) भनिन्थ्यो । यसबारे तामाङहरुको प्रसिद्ध सांस्कृतिक बाङ्मय 'ताम्बा काइतेन', 'जिकतेन तामछ्योइ' आदिमा अंकित भएका पाइन्छन् । तिब्बती ग्रन्थहरुमा पनि उल्लेख भएको पाइन्छन् । आठौं शताब्दीमा गुरु पद्म सम्भवले जड्यानमा अहिंसावादी सन्देश फैलाए ।

जड्यान राज्य सामरिक महत्वको थियो । त्यसैले शक्तिशालीहरु जड्यान राज्य हत्याउन चाहन्थे । जड्यानदेखि उत्तरतिर तिब्बतमा स्वतन्त्र राज्य तोलिङ थियो । जड्यान र तोलिङबीच सीमाना बढाउने क्रममा विवाद भइरहन्थ्यो । ११औं शताब्दीसम्म आइपुग्दा तोलिङ राज्य शक्तिशाली राज्य बन्दै गयो । तोलिङले जड्यानका केही भाग लिन सफल भयो । त्यसरी उत्तरतर्फबाट जड्यान राज्य आक्रान्त बन्दै थियो । अर्कातिर बाह्य आक्रमणबाट ज्यान जोगाउन आफन्त, भाइभारदार, धनसम्पत्ति र हातहतियारसहित भारतका विभिन्न राज्यका शासकहरु जड्यान राज्यतिर आइपुगे । पछि तिनीहरु खस भनेर प्रचलित भए ।

त्यसरी भारतबाट भागेर आएका मध्ये 'नागराज'ले जड्यान राज्यको सिंजा क्षेत्र दख्खल गरी १२औं शताब्दीको पूर्वाद्धसम्ममा खसान राज्य स्थापना गर्न सफल भएका थिए । पृथ्वी मल्लले सन् १३३८/०५८ सम्म शासन गरे । उनी नागराजवंशका चौधौं र अन्तिम राजा थिए । त्यसरी जड्यान राज्यलाई दुबैतिरबाट क्षति पुऱ्याउन षड्यन्त्र हुँदै गयो । भौगोलिक बिकटता र स्रोतसाधन कमिका कारण बाह्य आक्रमणबाट राज्य सुरक्षाका पर्याप्त कदम चाल्न नसकिने बाध्यताको फाइदा लिँदै जड्यान राज्यलाई बाह्यतत्वले आक्रमण गर्दै रहे । तात्कालीन समयमा संघीय राज्यका प्रमुखलाई ताङ भनिन्थ्यो । जड्यान राज्यका राजालाई सबै गणराज्यहरुले कर बुझाउँथे । त्यो समयमा जड्यान राज्य संघ राज्यजस्तै थियो । अघि पनि जड्यानमा तामाङ पुर्खाहरुले राज्य गर्दथे । संघीय राज्यका प्रमुखलाई ताङ भन्दाभन्दै तामाङ हुन गएको मत छ । उक्त क्षेत्रमा तवाङ भन्ने ठाउँ भएकाले तवाङ भन्दाभन्दै तामाङ भनिन थालियो भन्ने अर्को मत पनि रहेको छ ।

जड्यानका राजाका बारेमा एउटा कथा छ । किम्वदन्ती अनुसार यिनै राजाले खस राजा विक्रम शाहीका पटरानी सुन्दरी सुनकेसरालाई अपहरण गरेका थिए । रानी सुनकेसराको सौन्दर्यको वयान सुनेका थिए । सुनकेसरालाई आक्रमण गरेर भए पनि आफ्नी रानी बनाउन चाहन्थे । विक्रम शाही रानी सुनकेसरासहित शिकार खेल्न जंगल छिरे । रानीलाई शिविरमा छाडेर राजा विक्रम शाही शिकार खेल्न गए । यही मौकामा जड्यानका राजाले शिविरमा हमला गरी सुनकेसरा रानीलाई अहपरण गरे । विक्रम शाहीले तीन पटकसम्म जड्यानको दरवारमा आक्रमण गरेर सुनकेसरा रानी छुटाउन



प्रयास गरे तर सफल भएनन् । सानोतिनो प्रयासले केही सिप नलाग्ने भएपछि विक्रम शाहीले अन्य राज्यहरुसँग सहयोग मागे । मित्रशक्तिहरुको सहयोगमा ठूलो दलबलसहित आक्रमण गरी जड्यानका राजालाई नियन्त्रमा लिए तर त्यसबखतसम्म सुनकेसरा रानीको मृत्य भइसकेको थियो । त्यसरी जड्यानका राजाले आफ्नो राजशाही गुमाएका थिए ।

अझै पनि जड्यान क्षेत्रमा विभिन्न पहिचानमा तामाङहरु रहिरहेका छन् । ठ्याक्कै तामाङ जाति या थर नजनाए पनि तामाङ परम्परा संस्कार मिल्दो समुदायहरु सबै ती प्राचीन तामाङहरु नै हुन् । जड्यान क्षेत्रमा पाइने प्राचीन अभिलेख, किर्ती स्तम्भहरुमा 'ॐ मणि मद्मे हुँ, ॐ नमो बुद्धये' अंकित भएका पाइन्छन् । अभिलेखहरु तामाङहरुको संस्कारमा प्रचलन हुने लिपीमा पाइन्छन् । सिंजा क्षेत्रको पूर्वपट्टि बौद्ध धर्मावलम्वीहरु छन् । हालको गण्डकी प्रदेशमा र आसपासका क्षेत्रमा तामाङ रहेका छन् । विभिन्न जाति र समुदायको परिचयमा समेत तामाङहरु रही आएका छन् । समय कहिल्यै एकै रहँदैन । समयले लामै काल लिन पनि सक्छ । १३औं शताब्दीदेखि जड्यान राज्य (अहिलेको कर्णाली प्रदेश र आसपासका क्षेत्र) खसान राज्य हुँदै गयो । कतिपय तामाङहरु पूर्व लाग्ने क्रममा गण्डकी क्षेत्र हुँदै बाग्मती क्षेत्र र आसपासका क्षेत्रमा आइपुगे, फैलिए । पहिल्यै स्थापित राज्यहरुमा मिसिए र कतिपय नयाँ राज्यहरु स्थापित गरेर बसे ।

नेपालको हालको सीमानाभित्र र बाहिरगरी प्राचीनकालमा तामाङहरुको सयभन्दा धेरै राज्यहरु थिए । तामाङ वंशजहरुका मात्र होइन अन्य राजवंशजहरुका राज्यहरु पनि प्रसस्तै थिए । प्राकृतिक, भौगोलिक, स्रोतसाधन र ज्ञान आदि कारणले गर्दा त्यस युगमा त्यस्तै चलन थियो । तर, मानव चेतना विकास, सिकाई र शिक्षाका कारण युग र समयक्रम एकै रहदैन । विश्वमा आएको परिवर्तन, राजनीतिक चेतना र राज्य विस्तार या निर्माणका लागि आक्रमणका सिलसिलाले विश्वमा रहेका राज्य व्यवस्थामा प्रभाव पर्न थाल्यो । असर स्वरुप एशियाभित्र हुनथालेको परिवर्तनहरुको प्रभाव यहाँ पनि पर्ने नै भयो । भारत वर्षमा विभिन्न बाह्य तत्वहरुको आगमन र आक्रमणका परिणाम स्वरुप भारतका विभिन्न राज्यका शासक र तीनका शाखा सन्तान, भाइभारदार ज्यान बचाउन पहाड र हिमाली भेगतिर भागेर आउन थाले । यहाँ पनि उनीहरुमा फेरि राज्य खडा गर्ने, शासक बन्ने र हैकम चलाउने लालसा पलाउन थाल्यो । नेपालको विकट पहाड र हिमाली क्षेत्रमा आफ्नै परम्परामा आधारित जीवनशैली र राज्य व्यवस्था अपनाई आएका जनता र शासकहरुमाथि कैयन सीप, ज्ञान र युद्धकला जानेका धनी आप्रबासीहरुले नेपालका प्राचीन राज्यहरु र राजाहरुलाई विभिन्न षड्यन्त्र गरेर राज्य व्यवस्थाबाट बिमुख पार्न थाले ।

समय व्यतित् हुने क्रमसँगै मानिसका चेतना, आकांक्षा, ज्ञान, शिक्षा र प्रविधि विकासक्रमले कुनै राज्य, देशहरुलाई विभिन्न सीमा, स्वरुप र व्यवस्थामा ढाल्दछ । तसर्थः नेपालको प्राचीन राज्य व्यवस्थाहरु पनि परिवर्तन हुँदै आए । शाह वंशीय राज्य र व्यवस्थाहरु पनि परिवर्तन हुँदै आएर वर्तमानमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको भयो । सयौंभन्दा बढी राज्य भएको नेपाल अहिले त सबै नेपालीहरुको एउटै राज्य भएको छ । शाह बंशीय राजाहरुका उत्तराधिकारी भनिएका राजा र राजसंस्था समेत उन्मुलन हुनपुग्यो । यो सबै समयको चेतना, राजनीतिक विकासक्रम, शिक्षा र आवश्यकताको परिणाम हो । यस्तो हुनु कसैको दोष या कमजोरी होइन । समयक्रमले, युगले राज्यको स्वरुप र शासन पद्धती निर्धारण गर्दछ । त्यसैले कोही हारेको र कोही बिजयी भएका होइनन् । कोही कमजोर या कोही सबल भएका होइनन् । कोही जाति कमसल र कोही उत्तम भएका होइनन् । कोही दुःखी र कोही अति खुशी हुनु जरुरी छैन । सबै नेपाली सबल, सक्षम र खुशी हुनु पर्छ । यस्तो सम्भावना नेपालको आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्थाले गर्न सक्छ । निर्वाचन अर्थात् प्रजातान्त्रिक प्रणालीका माध्यमबाट सबैले शासनमा, राज्य व्यवस्थामा सरिक भई देशका लागि योगदान गर्न पाउने सुनौला अवसरहरु खुला रहेका छन् । *(पुस्तक, सामग्रीहरु अध्ययनबाट)*

**लघुकथा**

# नेताको बोली



**विष्णु निरौला आचार्य**



बिहानैदेखि चौतारोमा मानिसको आवत-जावत बाक्लिरहेको थियो । आज नेता आउने र गाउँमा रहेका तमाम समस्याहरु समाधान खातिर सम्बोधन गर्ने दिन । पुरुषहरूको भन्दा महिलाहरूको संख्या उल्लेख्य थियो नेताको स्वागतका निम्ति । केहीछिनको पर्खाइपछि प्रतीक्षाको घडी समाप्त भयो । ठाँटबाँटका साथ नेताको आगमन भएपछि गडगडाहट तालीद्वारा गाउँलेहरुले उनको स्वागत गरे ।

आसनग्रहणको क्रम समाप्त भयो । मन्तव्यको क्रममा जब नेताको बोल्ने पालो आयो, नेता मञ्चबाट उठ्ने बित्तिकै गाउँका तमाम महिला आमा, दिदी-बहिनी, भाउजू, बुहारी, छोरी-चेली आफ्ना सारा समस्या नेताद्वारा समाधान हुने आशाले अत्यन्तै खुशी देखिए । मन्तव्यको क्रममा नेताले आजदेखि गाउँका कोही पनि महिलाले असुरक्षित महशुस गर्न नपर्ने, महिलामाथि भए गरिएका सम्पूर्ण अन्याय अत्याचारहरुलाई कानून बमोजिम यसै मञ्चद्वारा आजकै दिनदेखि किनारा लगाउन आफू दत्तचित्त रहने साथै महिला हिंसासँग सम्बन्धित जुनसुकै प्रकारको दमनको अन्त्यका लागि दिलोज्यान दिएर आफू त्यसको विरुद्धमा उत्रने कुरा बताएपछि सारा महिलाले राहत मिलेको अनुभूति गर्दै मञ्च नै थर्किनेगरी ताली पड्काए । नेता झन्झन् ठुलो स्वरमा कुर्लंदै थिए ।

यत्तिकैमा एक बालक आत्तिँदै दौडिएर आए र अत्तालिएको स्वरमा नेतातिर फर्किँदै भने- बुवा बिहान खाना अलि ढिलो भएको निहुँमा तपाईंले कुटेर बेहोस् हुनुभएको आमाको अझैसम्म होश आएको छैन । छोराको बोली नटुङ्गिँदै बिजुली चम्के जस्तै मञ्चबाट कुलेलम ठोकेका नेता अझै घर फर्किएका छैनन् रे ।


वाथ एक अटो इम्युन रोग हो ।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ ।
वाथका लक्षणहरू:
जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४
१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुन्निने, कक्रक पर्ने ।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने ।
३) विहानको समयमा शरीर अरठ्ठ हुने ।
४) मांसपेशीहरु दुख्ने, गल्ने ।
५) थकाई बढी लाग्ने ।
६) बारम्बार गर्भधारणमा समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढि झर्ने ।
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने ।
११) बारम्बार घाउहरु आइरहने ।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने ।
१४) मांसपेशी कमजोर हुने ।
१५) खकारमा रगत देखा पर्ने ।
१६) लामो समयसम्म ज्वरो आउने ।
१७) आँखा बारम्बार रातो हुने ।
वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउँदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"



कोरियन भाषा
हाम्रा बिशेषताहरु
한국어
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399



झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई



पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा
पहिलो शो ११:४५ घामड शेरे
दोस्रो शो २:४५ घामड शेरे
तेस्रो शो ६:४५ घामड शेरे
(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ मिष्टर नेपाली
दोस्रो शो २:४५ मिष्टर नेपाली
तेस्रो शो ६:४५ मिष्टर नेपाली
MARJAAVAAN
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६



हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
चट्ट फोट झट्ट सेवा
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००
९८०४९५४४००

**कर्मचारी आवश्यकता**
एक प्रतिष्ठित होटलका लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
कुक, वेटर, रुमब्वाईः केही
मो. ९८५२६६३२७७
मेचीनगर-६, काँकरभिट्टा, झापा

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**आवश्यकता**
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस, बिर्तामोड, झापा
९८१४९०४७६४, ०२३-५४४६६०

**जग्गा बिक्रीमा**
अटोल्याण्ड बुट्टाबारीमा अत्यन्त सस्तो मूल्यमा प्लानिङ्ग गर्न नपर्ने छ कठ्ठा जग्गा बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१८१७१९१२

**कर्मचारी आवश्यकता**
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना
(महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
मार्केटिङ मेनेजर : १ जना
(वाइक र लाइसेन्स भएको बिर्तामोडबासी हुनुपर्नेछ)
किचन हेल्पर : २ जना (इलामको लागि)
वेटर : ३ जना (महिला बिर्तामोडको लागि)
सेल्समेन : २ जना (काममा अनुभव भएको)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

**तु-बिक्रीमा**
बिर्तामोडको नवनिर्मित अन्धुवा पुलसँगै जोडिएको चालू अवस्थाको रेष्टुरेण्ट तु-बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८२४९३७९९३
९८४४६४५५७५


**हिजोको सूनचाँदीको भाउ**

| | |
|---|---|
| छापावाला सुन | ७०,४००|- |
| तेजावी सुन | ७०,१००|- |
| असल चाँदी | ८५०|- |



**ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । तर, अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । तापनि मेहनत गर्दा विशेष काममा जग बसाउने अवसर जुट्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ । विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ । यात्राको अवसर देखिन्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** भाग्यले विभिन्न अवसर थमाउनेछ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ । धेरैले कामको तारिफ गर्नेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौति समाप्त होला । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** चुनौतिपूर्ण जिम्मेवारी वहन गर्नुपरे पनि बुद्धि-विवेकले काम गर्न सकिनेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आत्मविश्वास, मिहिनेत र लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ । समस्या दर्शाउँदा सहयोगीहरूको समेत साथ प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ । धेरै सक्रियता स्वास्थ्यका लागि बाधक बन्न सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिवारजनको साथले नयाँ आशा जगाउनेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ । विभिन्न सहयोग र उपहार हातलागी हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । अतिथिका रूपमा मानसम्मान प्राप्त होला । टाढिएका साथीभाइसँग भेटघाट हुनेछ ।

# अर्जुनधारामा परजीवी नियन्त्रण कार्यक्रम



**अर्जुनधारा, कात्तिक २९।** वडामा रहेका पशुपालक कृषकहरुलाई लक्षित गरी अर्जुनधारा-१० वडा समितिको आयोजनामा चालू आर्थिक वर्ष २०७६/०७७ को पशु परजीवी नियन्त्रण कार्यक्रम सम्पन्न भएको छ।

नगर पशुपन्छी, मत्स्य विकास शाखाको प्राविधिक सहयोगमा वडाका आनन्द नगर टोल, मेडिकल चोक, शिव पाञ्चायन मन्दिर परिसर, सट्टाभर्नास्थित मुक्ति चोक र सिमलचोकमा सञ्चालन गरिएको उक्त कार्यक्रमको उद्घाटन वडाध्यक्ष बलदेवसिंह गोम्देनले स्थानीय भीम बस्नेतको गाईलाई औषधि खुवाएर गरेका थिए।

प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा औषधिको सही मात्रा खुवाइने हुँदा कृषकहरुको लागि सो कार्यक्रम फलदायी हुने नगर पशुपन्छी, मत्स्य विकास शाखाका प्रमुख पदमलाल राईले बताए। उक्त कार्यक्रमको लागि वडाको बजेटबाट एक लाख ७५ हजार रपैयाँ विनियोजन भएको वडा सदस्य भोला गौतमले बताए।

कार्यक्रममा तीन सय ८९ जना कृषकका एक हजार एक सय सात वटा बाख्रा, चार सय ८९ वटा गाई, एक सय नौ वटा बंगुर, एक सय दुई वटा भैंसी, २१ वटा गोरु, पाँच वटा कुकुरसहित जम्मा एक हजार आठ सय ३३ वटा पशुलाई जुका, नाम्ले, किर्ना लगायतको औषधि खुवाइएको तथा वितरण गरिएको वडा सचिव कृष्ण नेपालले जानकारी दिए।

वडाध्यक्ष गोम्देनको अध्यक्षतामा आयोजित कार्यक्रममा वडा सदस्यहरु सकुन्तला बराल, फिपराज कुरुम्वाङ र सीता परियार, जनक चौलागाईं लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन वडा सचिव नेपालले गरेका थिए।

# कुटिडाँडामा सडक बिस्तार गरिँदै

□ गणेश अर्याल

**इलाम, कात्तिक २९।** इलामको रोङ गाउँपालिकाले मेची राजमार्गको हाँसपोखरी कुटिडाँडा खण्डको सडक क्षेत्र कायम गर्ने भएको छ।

सडकको केन्द्रबाट दुबैपट्टी १५/१५ मिटर सडक क्षेत्र खाली गराई सडक बिस्तार गर्ने भएको हो। कार्यपालिकाको बैठकले सडक खाली गराउन ३५ दिने सूचना निकाल्ने निर्णय गरेको भौतिक पूर्वाधार बिकास समितिका संयोजक एवम् गाउँपालिकाका प्रवक्ता सुवास तामाङले बताए। 'सडक डिभिजन कार्यालयबाट सडकबाट भौतिक संरचना हटेपछि तुरुन्त निर्माणको काम हुनेछ, प्रवक्ता तामाङले भने- 'हामीले पहिले नै त्यहाको बासिन्दालाई भनिसकेकाले सडक क्षेत्रखाली गर्नमा स्थानीयको सहयोग हुनेछ।'

सडक निर्माणको लागि केन्द्रीय बजेट आएकाले बाध्यकारी रुपमा सडक निर्माण हुने बताउदै प्रवक्ता तामाङले सडक फराकिलो हुँदा त्यस क्षेत्रकै बिकास हुने बताए। सडक फराकिलो नहुँदा सवारी जाम हुने तथा कतिपय अवस्थामा दुर्घटना हुने गरेको थियो।

स्थानीयबासीसँग अनौपचारिक र औपचारिक रुपमा छलफल हुँदा बजार व्यवस्थित गर्नको लागि सडक बिस्तार गर्नुपरेको गाउँपालिका अध्यक्ष शम्सेर राई बताउँछन्। 'सडक बिस्तार भनेको भएको घर र संरचना हटाउने मात्रै नभए व्यापार व्यवसाय बढाउने पनि हो' - अध्यक्ष राईले भने- 'अहिले व्यापारको नाममा सडक रुङ्ने काम मात्रै भइरहेको छ, तर अब सवारीसाधन रोकेर सामान किन्न सक्ने वातावरण बन्छ।'

कार्यपालिकाको निर्णय अनुसार अब सडक क्षेत्रको घर टहरा लगायतका भौतिक संरचना हटाउन ३५ दिने सूचना जारी हुनेछ। घर-टहरा हटेपछि यसै आर्थिक बर्षभित्रमा सडक बिस्तार र नालीको काम सम्पन्न हुने अध्यक्ष राईले बताएका छन्।

सडक ऐन २०३१ को २०७५ फागनु १९ को सम्सोधन अनुसार सडक क्षेत्र खाली गराउन स्थानीय तह गाउँपालिका वा नगरपालिकाले सूचना जारी गर्न सक्ने व्यवस्था रहेको छ। रोङ गाउँपालिकाले खाली गर्न लागेको सडक क्षेत्रमा व्यक्तिको निजी जग्गा कम भएकाले सडक क्षेत्र खाली गराउन सहज हुने बताइएको छ।


## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

साविक पाराखोपी गाविस वडा नं. ६, हाल अर्जुनधारा नगरपालिका वार्ड नं. ५ बस्ने श्री कुमारीदेवी निरौला निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल
१) पूर्वतर्फ श्री ताराप्रसाद गिरी　　२) पश्चिमतर्फ श्री मिरा गिरी
३) उत्तर तर्फ श्री डम्बर प्रसाईं　　४) दक्षिणतर्फ बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | ११२६७,११२५३ | ०-०-१२.५० | २०७६।०६।१२ | २०७६।०७।२४ | २०७६।०७।२५ |



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०७०४७०/ ०२३-५४४३५४ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङकीबाट सफाई गरिन्छ।
मोबाइल: ९८५२६८६००५


# गाउँपालिकास्तरीय बाल क्लब गठन

**भद्रपुर, कात्तिक २९।** कचनकवलमा गाउँपालिकामा गाउँपालिकास्तरीय बाल क्लब गठन गरिएको छ।

२१ सदस्यसहितको गाउँपालिकास्तरीय बाल क्लबको अध्यक्षमा मनिष बराल निर्विरोध चयन भएका छन्। नवगठित समितिको उपाध्यक्षमा मुस्कान बेगम, सचिव उर्मिला राजवंशी, सहसचिवमा भरत गणेश, कोषाध्यक्षमा दिव्या लिम्बू र कोषाध्यक्ष देवीका वास्के निर्विरोध चयन भएका छन्। त्यस्तै सदस्यहरूमा निशान्त भण्डारी, रक्षा ढुङ्गाना, विपीन खतिवडा, करुण लिम्बू, टीकावती राजवंशी, पुष्पा राजवंशी, पुकारदेवी राजवंशी, मन्जिला शिवाकोटी, सुरज खनाल, राज वतार, दीपावली गणेश, निखिल साहा, हिमानी भण्डारी, सन्देश बराल र घनश्याम दर्जी चयन भएका छन्।

गाउँपालिकाले सात वटा वडा मध्येबाट प्रत्येक वडाबाट तीन-तीन जना विद्यार्थी समावेश गरेर बाल क्लब गठन गरेको जनाइएको छ। कचनकवल गाउँपालिकाको शिक्षा शाखा र ज्येष्ठ नागरिक शाखाद्वारा आयोजित बाल क्लब गठन तथा बाल अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रम गाउँपालिका उपाध्यक्ष निमसरी राजवंशीको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा शिक्षा शाखाका प्रमुख छविलाल बस्नेत लगायतले नवगठित समितिलाई शुभकामना दिएका थिए।

# 'वासु'लाई पंखा



**दुहागढी, कात्तिक २९।** घनश्याम स्मृति प्रतिष्ठान चन्द्रगढी र जेएचपी जापानका प्रतिनिधिहरुले झापा दुहागढी स्थित बाल सुवोधिनि आधारभूत विद्यालयलाई छ वटा पंखा प्रदान गरेका छन्।

विद्यालय अवलोकनमा आएका टोलीले विद्यालयको वातावरणबाट प्रभावित भइ प्रोत्साहन स्वरुप पंखा उपलब्ध गराएको विद्यालयले जनाएको छ। बाल क्लबका अध्यक्ष अभिषेक कटुवाल र प्रधानाध्यापक विश्व थापालाई जेएचपीका प्रतिनिधि जापनीज नागरीक सुइची यामाओकाले पंखा हस्तान्तरण गरेका थिए।

कार्यक्रममा घनश्याम स्मृति प्रतिष्ठानका राजिव खनाल, तारा खनाल, भरतमणी पोखरेल, सन्तोष पोखरेल, प्रतिभा रिजाल लगायतको सहभागिता रहेको थियो। विद्यालयलाई गरेको सहयोगको लागि प्रधानाध्यापक थापाले दाताहरुलाई धन्यवाद ज्ञापन गरेका थिए।

# कोलाटोलीमा समिति

**बिर्तामोड, कात्तिक २९।** कोलाटोली सरसफाई नमूना टोल व्यवस्थापन समिति बिर्तामोड-९ को अध्यक्षमा गणेश श्रेष्ठ चयन भएका छन्।

नवगठित समितिको उपाध्यक्ष विश्वेश्वर राजवंशी, सचिव लेखनाथ पोखरेल, कोषाध्यक्ष कमला कँडेल र सदस्यहरुमा दीपा बस्नेत, भीमा रसाइली, मालती राजवंशी, झलराम बास्तोला रहेका छन्।

संस्थाका उपाध्यक्ष चन्द्रबहादुर बस्नेतको अध्यक्षता तथा बिर्तामोड-९ कि वडाध्यक्ष पवित्रा पाठकको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।


## UAE को अवुधावीमा PSBD Security गार्डमा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE　शहर : ABU DHABI
पूर्व स्वीकृति मिति : २०७६/०३/१३　चलानी नं. ६०१४१२८०　L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./वार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
अन्तर्वार्तामा आउंदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउंनु पर्नेछ।
बेशिक सेलरी २००० दिराम भएता पनि ओटी र एलाउन्स गरि जम्मा २७७० दिराम हुनेछ।
APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ।
फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मंसिर ८ गते (24 NOV 2019) मा होलिडे होम बिर्तामोड झापामा हुनेछ।

Lic No. 689/063/064
सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोबाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



## Qatar अर्ध सरकारी कम्पनीमा रोजगार　शहर : DOHA

कम्पनीको नाम : Lusail Hospitality and Services
पूर्व स्वीकृत मिति २०७६/०८/१०　चलानी नं. ६०१३६१८२　LT. No.: 218084

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | | QR | ने.रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin | 8 | 0 | | 2500 | ७६,८०० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1700 | ५२,२२४ | | | | | | | |
| 3. | Chief Engineer/Maintenance Manager | 6 | 0 | | 6000 | १८४,३२० | | | | | | | |
| 4. | Driver | 10 | 0 | | 2000 | ६१,४४० | | | | | | | |
| 5. | Electrician | 10 | 0 | | 2000 | ६१,४४० | | | | | | | |
| 6. | Female Technician | 0 | 10 | | 2500 | ७६,८०० | | | | | | | |
| 7. | Gypsum | 10 | 0 | | 1700 | ५२,२२४ | | | | | | | |
| 8. | Hvac Technician | 12 | 0 | | 2200 | ६७,५८४ | | | | | | | |
| 9. | Irrigation Technician | 10 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 10. | Kitchen & Laundry Eqt. Tech | 10 | 0 | | 3800 | ११६,७३६ | | | | | | | |
| 11. | Marble Polisher | 15 | 0 | | 1200 | ३६,८६४ | | | | | | | |
| 12. | Mason | 20 | 0 | | 1200 | ३६,८६४ | | | | | | | |
| 13. | Painter | 20 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 14. | Painting Supervisor | 5 | 0 | | 2200 | ६७,५८४ | | | | | | | |
| 15. | Plumber | 15 | 0 | | 1700 | ५२,२२४ | | | | | | | |
| 16. | Pool Technician | 10 | 0 | | 2000 | ६१,४४० | | | | | | | |
| 17. | Safety Engineer | 6 | 0 | | 3200 | ९८,३०४ | | | | | | | |
| 18. | Water Feature | 5 | 0 | | 1200 | ३६,८६४ | | | | | | | |
| 19. | Electrical Foreman | 5 | 0 | | 4000 | १२२,८८० | | | | | | | |
| 20. | Elv Foreman | 5 | 0 | | 2800 | ८६,०१६ | | | | | | | |
| 21. | Hvac Foreman | 5 | 0 | | 2700 | ८२,९४४ | | | | | | | |
| 22. | Kitchen And Laundry Foreman | 5 | 0 | | 3500 | १०७,५२० | | | | | | | |
| 23. | Landscape Labor | 15 | 0 | | 1400 | ४३,००८ | | | | | | | |
| 24. | Elv Technicians | 10 | 0 | | 2000 | ६१,४४० | | | | | | | |
| 25. | Mechanical Engineer | 10 | 0 | | 4000 | १२२,८८० | | | | | | | |
| 26. | Mechanical Foreman | 10 | 0 | | 2800 | ८६,०१६ | | | | | | | |
| 27. | Mechanical Technician | 10 | 0 | | 2000 | ६१,४४० | | | | | | | |
| 28. | Plumber Foreman | 5 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 29. | QA/QC | 5 | 0 | | 4000 | १२२,८८० | | | | | | | |
| 30. | Water Mep Technician | 10 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 31. | Agricultural Engineer | 5 | 0 | | 3000 | ९२,१६० | | | | | | | |
| 32. | Area Co-ordinator | 5 | 0 | | 4100 | १२५,९५२ | | | | | | | |
| 33. | Admin Staff | 10 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 34. | Female Housekeeping Supervisor | 0 | 10 | | 2500 | ७६,८०० | | | | | | | |
| 35. | Male Housekeeping Supervisor | 10 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 36. | Laundry Superviser | 5 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 37. | Female Housekeeping Attendant | 0 | 20 | | 1500 | ४६,०८० | | | | | | | |
| 38. | Male Housekeeping Attendant | 30 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 39. | Male Laundry Attendant | 20 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 40. | F & B Supervisor | 10 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 41. | Facility Supervisior | 5 | 0 | | 2500 | ७६,८०० | | | | | | | |
| 42. | Kitchen Stewards | 20 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 43. | Office Boy. | 10 | 0 | | 1500 | ४६,०८० | | | | | | | |
| 44. | Waiters | 20 | 0 | | 1700 | ५२,२२४ | | | | | | | |
| 45. | Waitresses | 0 | 20 | | 1700 | ५२,२२४ | | | | | | | |
| 46. | Storekeeper | 5 | 0 | | 2000 | ६१,४४० | | | | | | | |

अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने भई कम्तीमा २ वर्ष काम गरेको Original Certificate हुनुपर्नेछ। प्रि-अन्तर्वार्तामा आउदा Original Document साथमा लिएर आउनु होला।
अन्तरर्वार्ता मंसिर २ गते सोमबार होटल कोहीनूर बिर्तामोडमा हुदैछ !!
GULMI OVERSEAS PVT.LTD
Contact: 9816075111,9803674452,9801085840



## कतारमा रोजगारको सुवर्ण अवसर

कम्पनी : ELEGANCIA FM - QATAR
पूर्व स्वीकृति मिति: २०७६/०३/०९　चलानी नं. ६०१४११४२　लट नं. २२१५२२

| पद | संख्या | तलब QR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Female Cleaner Visa | ८० | १,०५०+OT | छ/छ | छ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Female Cleaner Team Leader | १० | १,३००+OT | | | | |
| Female Cleaner Supervisor | ०५ | २,०००+OT | | | | |

अन्तरवार्ता यही मंसिर १ र २ गते बिर्तामोडमा हँदैछ।
ELEGANCIA
एडभान्स मेनेजमेन्ट ग्रुप
सामाखुशी काठमाडौं- ०१-४३७४२१
बिर्तामोड सम्पर्क: ०२३-५४२३५७, ९८५२६८२३३१, ९८०७९६०९६६



## कतारमा बेदेशिक रोजगारको अवसर

Group Security System Certis Cisco International
पुनः विज्ञापन स्वीकृति मिति: २०७६/७/२२　चलानी नं. १२७　LT No.: 218018

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 60 | सामान्य पढ्न | 1500 | ४७,१९३।- | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ मंसिर १ गते (17 Nov.) सेन्टर प्वाइन्ट होटल बिर्तामोड, झापामा मंसिर २ र ३ गते (18 & 19 Nov.) लण्डन होटल इटहरी सुनसरीमा हुनेछ।

ग्लोबल रिलायन्स ओभरसिज सर्भिसेज प्रा. लि.
सामाखुसी-२९, टाउन प्लानिङ्ग (लिंकन कलेज नजिकै), काठमाडौं, फोन : ०१-४३६०५२३, ४३५७७३१
झापा सम्पर्क:- ९८०११८२९६१, ९८१५००५९३०, इटहरी सम्पर्क: ९८०५३३०९०१



## युएईमा रोजगार

LANDMARK SECURITY SERVICES LTD, UAE
पूर्व स्विकृति मिति: 2019/06/17　चलानी नं. ६०१३०२८८　LT NO.221041

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | कामचलाउ भाषा | 1200 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | [illegible] |

height 5.5 inch weight 50kg and above
Age 20-42 No S.L.C required

प्रि-अन्तरवार्ता: धमाधम भईरहेको छ। फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ मंसिर १ गते (17 Nov 2019) होटलमूनटावरबिर्तामोड मा हुदैछ।
नोट: Security Guard को Salary (AED1200) भएता पनि Allowance र OT सहित १२ घण्टा २८ दिन को DPS को 1800-2200 हुनेछ।

साथै DUBAI KO VALET PARKING का लागि
NEPALI/GCC light DRIVER 8hrs/26day 1400-2000 Aed/
kuwait ko beutycian 8hrs/26day 150-200kd
परेको हुनाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

TARGET टार्गेट कन्सल्टेन्टस् ह्युमेन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, इजाजत नं: ८३३/०६६/६७ फोन: ४११०९५३
contact no: 9841012159/9813844929
9814093310/9842756994

# हार्दिक शुभकामना

ॐ नमः शिवाय

## श्री अर्जुनधारा जलेश्वरधाम

अर्जुनधारा-७, झापा स्थाः २०२३



शंकराचार्य
हेमानन्द गिरीजी महाराज



प्रमुख कथावाचक
पं. श्री कुवेर सुवेदी



उपवाचक
पं. श्री चिरञ्जीवी ढुंगाना



किराँत धर्मगुरु आत्मानन्द लिङदेन 'सेइङ'



अनन्त श्री विभूषित जगत्गुरु
मुमुक्षानन्द महाराजजी



महावीर सेवा सदन
कलकत्ताका प्रमुख
श्री बिनोद बगाडिया

## हार्दिक निमन्त्रणा

पूर्वको पशुपतिनाथको नामले विभूषित तथा नेपाल सरकारबाट पर्यटकीय गन्तव्यको रुपमा समेत सूचीकृत **श्री अर्जुनधारा जलेश्वरधाम**को ३७औं बार्षिक अनुष्ठानका रुपमा **यही मिति २०७६।०८।०२ गतेबाट प्रारम्भ भई मिति २०७६।०८।०९ गते** बालाचर्तुदशीका दिन सत्‌बीज रोपण पश्चात समापन हुने गरी आयोजना गरिएको श्रीवामन पुराणको पुनित अवसरमा पाल्नु भई अनुष्ठानको शोभा बढाई दिनुहुन **सादर निमन्त्रणा** गर्दछौं ।

### कार्यक्रम

२०७६/०८/०२ गते :

- कलश यात्रा (नगर परिक्रमा) विहान ९:३० बजे
- विश्व मानव शान्ति एकता एवम् शान्तिका दूत किराँत धर्मगुरु महिङ्गुम अङसिमाङ लिङ्देन 'सेइङ' तथा किराँत धर्म गुरुआमा महिङ्गुम अङसिमामाङ सावा पवित्र हाङमा लिङ्देन माङहरुबाट कार्यक्रम समुदघाटन- विान ११:३० बजे

२०७६/०८/०३देखि २०७६/०८/०८ गतेसम्म:

- कथा वाचन- पं. श्री कुवेर सुवेदीज्यूबाट विहान १०:०० बजेदेखि ३:०० बजेसम्म
- पाठ पारायण- पं. श्री चिरञ्जीवी ढुंगानाज्यूबाट बिहान ८:३० देखि ३:३० बजेसम्म

विशेष सेवा

क) नेत्र शिविर २०७६ साल मंसीर ५ देखि ७ गतेसम्म- परमपुजनीय अनन्त श्री विभूषित जगत्गुरु मुमुक्षनन्द महाराजजीबाट २०७६ साल मंसीर ५ गते शिविरको समुदघाटन ।

ख) कृत्रिम हात-खुट्टा प्रत्यारोपण शिविर- महावीर सेवा सदन कलकत्ता, भारतका प्रमुख श्री बिनोद बगाडिया तथा यस कार्यक्रमका संरक्षक जगत्गुरु शंकाराचार्य हेमानन्द गिरीजी महाराजबाट २०७६ साल मंसीर ५ गते शिविर समुदघाटन ।

### अन्य दैनिक कार्यक्रम

- रुद्राभिषेक महायज्ञ
- ताण्डुलाचल
- तुलादान
- धन धान्याञ्चल
- गंगा आरती
- सन्ध्याकालीन भजन कीर्तन/ झाँकी रात्री जागरण (२०७६।०८।०८)
- २०७६।०८।०९ गते: सतविज् रोपण पूर्णाहुती, तिलकपाती ग्रहण तथा कार्यक्रम समापन

### अतिरिक्त आकर्षण

- धार्मिक मेला
- शनिश्चरे बजारदेखि अर्जुनधारा पिपल चोकसम्म आकर्षक विद्युतीय सजावट
- आकर्षक एवम् सुविधायुक्त पंडाल
- मूल पोखरीमा आकर्षक विद्युतीय फोहोरा

नवीन गट्टानी
अध्यक्ष



तथा **श्री अर्जुनधारा जलेश्वरधाम परिवार**

अर्जुनधारा नगरपालिका, झापा



मूल प्रवेश द्वार



श्रवणहल



धउयाचल



शिवकटी विश्रामालय



यज्ञशाला



संस्कृत वेद विद्यापीठ



शनिमन्दिर



पाँचधारा